मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष ३ ● अंक ५९ ● २०८१ साल पुष २४ गते बुधबार ● Wednesday 08, January 2025 ● सूर्योदयः बिहान ६:५६ बजे ● सूर्यास्तः साँझ ५:२८ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## भूकम्पमा मृत्यु हुनेको संख्या ९५

**चीन ।** चीनको दक्षिणपश्चिमी सिजाङ स्वायत्त क्षेत्रको डिङ्ग्री काउन्टीमा मङ्गलबार बिहान ६.८ म्याग्नीच्युडको भूकम्प गएको छ । दिउँसो ३ बजेसम्म कुल ९५ जनाको मृत्यु भएको पुष्टि भएको छ भने अन्य १ सय ३० जना घाइते भएका छन् ।
बेइजिङ समय अनुसार बिहान ९:०५ बजे भूकम्पको केन्द्रविन्दु सिगाजे सहरको डिङ्ग्री काउन्टीको त्सोगो टाउनशिपमा रहेको थियो । भूकम्पको केन्द्रविन्दुको २० किलोमिटरको दायराभित्र २७ गाउँ र करिब छ हजार ९ सय मानिस छन् । डिङ्ग्री काउन्टीमा ६१ हजार भन्दा बढी जनसंख्या रहेको आधिकारिक तथ्याङ्कले देखाएको छ ।भूकम्प प्रभावित क्षेत्रमा तीन हजार चार सयभन्दा बढी उद्धारकर्ता र तीन सय ४० भन्दा बढी स्वास्थ्यकर्मी पठाइएको छ । मौसम पूर्वानुमानका अनुसार आगामी तीन दिन डिङ्ग्रीको न्यूनतम तापक्रम माइनस १८ देखि माइनस १४ डिग्री सेल्सियससम्म रहने छ ।

# जनमतको आरोपपछि प्रदेश सभामा क्रिया–प्रतिक्रिया
# ‘सिके राउतलाई एमाले–कांग्रेसलाई गाली गर्ने अधिकार छैन’



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले नै सामाजिक सञ्जालमा कांग्रेस–एमालेकै कारण सरकार सञ्चालनमा असफलता मिलिरहेको बताएपछि यसको छिटा प्रदेश सभा बैठकमा पनि देखिएको छ । मंगलबारदेखि आरम्भ भएको चौथो प्रदेश सभा बैठकमा विभिन्न पार्टीका प्रदेश सांसदहरुले जनमतको आरोपले ल्याएको तरंगको प्रतिक्रिया दिएका थिए ।

नेपाली कांग्रेसका नेता कृष्णप्रसाद यादवले जनमत पार्टीका अध्यक्ष डा. सिके राउतलाई मधेशमा कांग्रेस र नेकपा एमालेप्रति आरोप लगाउने अधिकार नभएको बताए । राउतले कांग्रेस र एमालेप्रति आठबुँदे गम्भीर आरोप लगाएकामा यादवले यस्तो प्रतिक्रिया दिएका हुन् । मधेश प्रदेश सभाको चौथो अधिवेशनको प्रारम्भिक बैठकमा शुभकामना मन्तव्य राख्दै कांग्रेस संसदीय दलका नेता यादवले राउतलाई आरोप पुष्टि गर्न चुनौती दिइरहे ।

उनले राउतलाई बौद्धिकरूपमा अगाडि भए पनि व्यवहारिकरूपमा कमजोर भने । ‘डा. सिके राउतले कांग्रेस र एमालेप्रति के आधारमा आरोप लगाउँदै मुख्यमन्त्रीलाई घेराबन्दी गरेर भ्रष्टाचार गरेको भन्नुभएको हो ?’ यादवले भने, ‘आउनुस् डिबेट गरौँ, आफैँ गर्न नसकेपछि अरूलाई दोष लगाउनु हुँदैन ।

तपाईंको नेतृत्वमा सरकार छ । कांग्रेस र एमालेमाथि आरोप लगाउने अधिकार तपाईंलाई छैन ।’ यादवले सरकारको विकास कार्यको कमी र मुख्यमन्त्रीको प्रशासनिक काममा वृद्धि भएको उल्लेख गर्दै जनतामा आश्वासन बाँड्ने र सत्तामा आएपछि काम अघि नबढाउनुलाई आलोचना गरे ।

## सरकार हामी चलाउँछौँः महतो



*लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मधेश प्रदेशका सांसद उपेन्द्र महतोले जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले सामाजिक सञ्जालमा गरेको टीकाटिप्पणीमा आपत्ति जनाए । मधेश प्रदेशसभाको चौथो अधिवेशन आरम्भ भएपछि मंगलबारको पहिलो बैठकमे सांसद महतोले सिके राउतको अभिव्यक्ति हास्यास्पद रहेको प्रतिक्रिया दिए ।*
*मधेशमा जनमत पार्टीको मुख्यमन्त्री भएको र त्यही पार्टीका अध्यक्षले सत्तारुढ कांग्रेस र एमालेले मुख्यमन्त्रीलाई काम गर्न नदिएको गुनासो सामाजिक सञ्जालमा लेखेर बस्नु राजनीतिक बचपना रहेको उनको तर्क थियो । मुख्यमन्त्री सतिशकुमार सिंहलाई सांसद महतोले भने, ‘तपाईं आफ्नो अध्यक्षलाई भन्नुस्, प्रदेश हामीलाई चलाउन दिनुस् ।’ आर्थिक वर्षको आधा समय बितिसक्दा पनि विकास निर्माण शुरु नभएको भन्दै सांसद महतोले विगतको जस्तै अवस्था रह्यो भने फेरि पनि विकास रकम थोरै खर्च हुने बताए ।*
*उनले भने, ‘टेन्डर प्रक्रियामा गएमा २०–२५ प्रतिशत पनि खर्च हुँदैन । केन्द्रले भने खरिद ऐनअनुसार गर्ने, हामीले टेन्डर गर्ने ? यो ठीक हुँदैन । सबै माननीयज्यूले भनेअनुसार सरकारले गर्नुपर्छ ।’*
*जनमतका अध्यक्ष राउतले चीनको युनान प्रान्तसँग भगिनी सम्बन्ध बनाएको विषय पनि सामाजिक सञ्जालमा लेखेकामा उनले आपत्ति जनाए । उनले चीनको युनान प्रान्तसँग भगिनी सम्बन्ध बनाउन नमिल्ने र त्यो काम राउतको नभएको पनि बताए ।*

## जनमतलाई प्रतिपक्षमा बस्न आग्रह



*करिब ४ महिनापछि बसेको मधेस प्रदेशको प्रदेश सभा बैठकमा सत्तापक्ष तथा प्रतिपक्षका प्रदेशसभा सदस्यहरुले राउतको अभिव्यक्तिमा प्रतिक्रिया दिएका हुन् । उनीहरुले बैठकमा जनमत अध्यक्ष राउतको अभिव्यक्तिको खुलेर प्रतिवाद गरे । पूर्व मुख्यमन्त्री लालबाबु राउतले मुख्यमन्त्रीलाई सरकारको नेतृत्व गर्नुको साटो प्रतिपक्षमा बसेर सहयोग गर्न सल्लाह दिए ।*
*उनले अरु सबैलाई चोर देख्ने कदापी सरकारको नेतृत्व गर्न नसक्ने बताउँदै प्रतिपक्षमा बसेर मधेस प्रदेशको विकासमा सहयोग दिन आग्रह गरे । उनले भने ‘यो सरकारले आफ्नै मन्त्रीलाई स्पष्टिकरण साधेर अपरिपक्वताको पराकाष्ठा पार गरेको छ ।’ यो सब स्टण्टबाजी हो, ‘जनतालाई एकपटक भ्रमित गर्नुभयो । यो नाटक गरेर पटक पटक गर्न सक्नु हुन्न ।’पूर्व मुख्यमन्त्री राउत मन्तव्यक्रममा जनमत पार्टीका अध्यक्ष सिके राउतमाथि खनिए । उनले मुख्यमन्त्रीको गरिमालाई ख्यालै नगरी सार्वजनिक रुपमा स्पष्टिकरण सोध्नु गलत भएको बताए ।*

## सात वर्षमा के गर्नु भयो ?



प्रदेश सभा बैठकमा जनमत पार्टीका संसदीय दलका नेता महेश यादवले भने खुलेर प्रदेश सरकारको बचाउ गरेका थिए । यति मात्र होइन, उनले प्रदेश सरकारको प्रशंसा पनि गरेका थिए । उनले भने, ‘आफूलाई हामीभन्दा पाको दलका नेता भन्नेहरुले विगतमा ७ वर्ष सरकार चलाएर के कति काम गरे, त्यसको मूल्यांकन जनताले गरिरहेका छन् ।’

# सुरक्षाकर्मीले घर भत्काइदिएपछि दलितको बिचल्ली



**मधेशदृष्टि**
**राजविराज ।**
भारतीय सुरक्षाकर्मीले घर भत्काइदिँदा सप्तरीको छिन्नमस्ता गाउँपालिका–३, मनसुखी टोलका चार दलित परिवारको बिचल्ली भएको छ ।
चार पुस्तादेखि करिब डेढ सय परिवार यही टोलमा बसोबास गरिरहेका छन् । दुई साताअघि डोजर लिएर नेपाल प्रवेश गरेका भारतीय सुरक्षाकर्मीहरुले भिखनीदेवी सदाय (मुसहर), हकनीदेवी सदाय, विकन सदाय र जिवछ मरिक (डोम) को घर भत्काइदिँदा उनीहरु शितलहरमा घरविहीन बनेका हुन् ।‘खेतमा धान काट्दै थिए, दौड्दै आएका बच्चाले घर भत्काइरहेको कुरा सुनायो अनि हतार–हतार गरेर फर्किएँ तर तबसम्म भारतीय सुरक्षाकर्मीले जेसिभी लगाएर पूरे घर भत्काइसकेका थिए,’ ५५ वर्षीया भिखनीदेवीले भनिन्, ‘जानकारी बिनै घर भत्काइदिँदा घरभित्रको अन्नपात पनि बर्बाद भइहाल्यो, अब यो शीतलहरमा बसोबास गर्न र गुजारा चलाउनै मुस्किल परेको छ ।’६० वर्षीया हकनीदेवीले आफ्नै भूमिमा पनि भारतीय सुरक्षाकर्मीको गर्नु नपर्ने काम गर्दा सहेर बस्नुपरेको बताइन् । ‘पाँच वर्षमा तीनपटक घर भत्काइदिएको छ, पछिल्लो पटक पनि छापामार शैलीमा डोजर लिएर आएका सुरक्षाकर्मीहरुले घर भत्काइदियो, छाक टार्ने समस्या छ अनि फेरि घर कसरी बनाउने भन्ने चिन्ता थपिएको छ,’ उनले भनिन्, ‘हामीलाई यहाँबाट उठिबास नै गराउने हो भने हाम्रो नेपालतिरका अधिकारीहरुले भन्नुपर्यो नि, यहाँ बसोबास गरेको चार पुस्ता भइसक्यो, अब बुढेसकालमा कहाँ जाने ?’
पटकपटक भारतीय सुरक्षाकर्मीले घरविहीन बनाइरहेकाले अर्को ठाउँमा पुनर्बास व्यवस्थापनमा सहयोग गरिदिन उनले सबैसँग आग्रह गरिन् । ‘उनीहरुले घर हटाउन धम्की दिएकै छन्, त्यो दिन त फोन गरेपछि तत्कालै आउनुभएको गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीज्यूले प्रतिकार गरेपछि अरु घर जोगियो तर हामीलाई प्रतिकार गर्ने हिम्मत छैन,’ उनले भनिन, ‘हामीलाई अर्कै ठाउँमा बसोबासको व्यवस्थापन मिलाइदिन सहयोग गरिदिनू ।’
४० वर्षीया अहिल्यादेवीले काल नआएसम्म मनसुखी टोलमै बसेर नेपाली भूमिको रक्षा गर्ने इच्छा हुँदाहुँदै पनि बारम्बारको धम्की र केही परिवारलाई घरविहीन बनाइदिँदा चिन्ता थपिएको बताइन् । ‘हामी सुकुम्बासी हो,’ उनले भनिन्, ‘तर देशप्रतिको माया र नेपाली भूमि रक्षा गर्ने इच्छा छ ।’
गाउँपालिकाका अध्यक्ष चौधरीले दशजग्गामा रहेको तीनवटा घर भत्काएपछि आफूले जानकारी पाएको बताएका छन् । ‘ती घरहरु नो म्याइन्सल्यान्डमै छ र भत्काउनुपर्ने नै हो तर घर भत्काउँदा नेपाली पक्षसँग समन्वय नगर्नु दुर्भाग्य र दुखद् हो,’ उनले भने, ‘मैले जानकारी पाएपछि त्यहाँ पुग्यौँ र हाम्रो आक्रोश देखेर उहाँहरु पछि हटनुभयो ।’
उनले दशजग्गामा रहेका दलित बस्तीलाई स्थानान्तरण गर्ने बजेट विनियोजन भइसकेको भन्दै यही वर्ष प्रक्रिया अघि बढाउने बताए । यता, प्रमुख जिल्ला अधिकारी भोला दाहालले यस विषयमा बुझ्न लागेको बताए ।

# जाडोले वीरगंजका विद्यालयमा तीन दिन बिदा

**मधेशदृष्टि**
**वीरगंज ।**
चिसो बढ्दै गएपछि वीरगंज महानगरपालिकाले विद्यालयहरुमा आज (बुधबार)देखि जाडो बिदा दिएको छ । शितलहरसँगै बढ्दै गएको चिसो मौसमलाई मध्यनजर गर्दै वीरगंज महानगरपालिकाले विद्यालयहरुमा बुधबारदेखि ३ दिनका लागि जाडो बिदा दिएको हो । मंगलबार महानगरपालिकाका शिक्षा अधिकृत हरि राउतले जारी गरेको सूचनामा वर्षे बिदामा कट्टा हुने गरी पुस २४ गतेदेखि पुस २६ गते शुक्रबारसम्म तीन दिन वीरगंज महानगरभित्रका सबै सामुदायिक तथा संस्थागत विद्यालयमा जाडो बिदा दिइएको उल्लेख छ । तराई–मधेशमा एकसाता यता चिसो बढ्दै गएका कारण जनजीवन प्रभावित भएको छ । हुस्सु लाग्नुका साथै शितलहर पनि चल्न थालेपछि खासगरी वृद्धवृद्धा, बालबालिका र दैनिक ज्याला मजदुरीमा काम गर्नेलाइ बढी सास्ती भएको छ ।
पर्सा जिल्लाका वीरगंज महानगरपालिकासहित १२ पालिकाले विद्यालयमा जाडो बिदा दिएका छन् । जिराभवानी र ठोरी गाँउपालिकाले भने अहिलेसम्म जाडो बिदा दिएका छैनन् ।




# कांग्रेस उपसभापतिको दोस्रोपटक सिआइबीमा बयान



**मधेशदृष्टि**
**काठमाडौं ।**
नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङलाई सहकारी ठगी मुद्दामा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले दोस्रोपटक बयान लिएको छ । बयानमा उपसभापति गुरुङले पुरानै बयान दोहो¥याउँदै पत्नीले छाडेका कारण ‘दुःख पाएको’ बयान दिएका छन् ।
सिआइबी स्रोतका अनुसार उनले सबै कारोबार पत्नीले गरेको र उनीसँग सम्बन्ध बिच्छेद भएपछि कुनै सम्पर्क नभएको कुरा पुनः दोहोर्याएका छन् । ‘अंश नलिने, छोराछोरी भेट्न पाउने भन्ने सहमति भएकोले उनलाई मैले केही पनि सोधेको छैन,’ अघिल्लो बयानको कुरा दोहोर्याउँदै गुरुङले भनेको सिआइबी स्रोतले जनायो ।
पत्नीसँग सम्बन्ध बिच्छेदपछि पनि रोक्का रहेको घर धितोमा राखेर १२ करोड रुपैयाँ ऋण लिएको र त्यसको दायित्व बढेर अहिले ८४ करोड पुगेकोबारे सिआइबीले सोध्दा उनले इन्कारी बयान दिए । स्रोतका अनुसार धनराजले ‘मलाई केही थाहा छैन, जाने, बुझेको र तिर्नुपर्ने कुरा तिरेकै छु, अझै पनि तिर्छु’ भनी बयान दिएका छन् ।
अघिल्लो बयान कागज अपूरो रहेको भनी सरकारी वकिलले सुझाव दिएपछि उनलाई मंगलबार बयानका निम्ति बोलाइएको सिआइबीका प्रवक्ता एसपी होविन्द्र बोगटीले बताए ।मितेरी सहकारी ठगीमा १२ करोड रुपैयाँ हिनामिना भएको भनी सिआइबीमा महाप्रबन्धकको जिम्मेवारी सम्हालेकी गुरुङपत्नी ज्योति, सहकारीका सचिव बोधविक्रम थापासहित पाँचजनाविरुद्ध उजुरी परेको थियो । अनुसन्धानको हदम्याद नाघ्न लागेका कारण छुटपुट बयान जारी रहेको प्रवक्ता बोगटीले बताए ।

# संगठन सुदृढीकरण र खबरदारी अभियानमा आजपाको जोड



**मधेशदृष्टि**
**रौतहट ।**
आम जनता पार्टी (आजपा) को रौतहट जिल्ला कमिटीको बैठक आज मौलापुरमा केन्द्रीय अध्यक्ष प्रभु साहको उपस्थितिमा सम्पन्न भएको छ । संगठन विस्तार, संघर्षको समीक्षा र आगामी कार्यक्रमहरूको तयारीमा केन्द्रित उक्त बैठकले भ्रष्टाचारविरुद्धको अभियानलाई अझ सशक्त बनाउने निर्णय गरेको छ । बैठकले पौष २७ गते वीरगंजमा आयोजना हुने भ्रष्टाचारविरोधी खबरदारी सभामा व्यापक सहभागिता जनाउने प्रतिबद्धता व्यक्त गरेको छ । केन्द्रीय अध्यक्ष प्रभु साहले पार्टी संगठनलाई थप क्रियाशील र जनमुखी बनाउन आवश्यक रणनीति प्रस्तुत गर्दै, भ्रष्टाचारविरोधी अभियानमा सबैको एकता अपरिहार्य रहेको बताए । बैठकमा नरेश तुराहाको अध्यक्षतामा गठित नयाँ जिल्ला कमिटीका सदस्यहरूको स्वागत र सम्मान गरिएको थियो । कार्यक्रममा पार्टीका जिम्मेवारीहरूलाई प्रभावकारी बनाउन कार्यविभाजनसमेत गरिएको छ । सहभागीहरूले संगठनलाई सुदृढ गर्न सुझाव राख्दै, जनतालाई प्रत्यक्ष रूपमा जोड्ने कार्यक्रमलाई प्राथमिकतामा राख्न जोड दिए । बैठकमा पार्टीका स्थानीय नेतृत्व, कार्यकर्ता, र शुभेच्छुकहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

# समयानुकूल संविधान संशोधन गर्न माग

**काठमाडौँ ।**
नेकपा एमाले केन्द्रीय कमिटी बैठक सम्पन्न भएको छ । पार्टी अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा पार्टी केन्द्रीय कार्यालय च्यासल, ललितपुरमा सम्पन्न बैठकले संविधानको समयानुकूल संशोधन हुनुपर्ने मागसहित विभिन्न १४ बुँदे प्रस्ताव पारित गरेको छ ।

बैठकले राष्ट्रिय हित र स्वाभिमानको रक्षा, लोकतन्त्रको सुदृढीकरण, राजनीतिक स्थायित्वको सुनिश्चितता र 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकांक्षा र समाजवादको लक्ष्य हासिल गर्न पार्टीलाई निर्णायक राष्ट्रिय शक्तिका रूपमा निर्माण गर्ने प्रण गरेको एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतम जानकारी दिए ।

बैठक समापन गर्दै अध्यक्ष ओलीले केन्द्रीय कमिटीका नेताहरूलाई पार्टीमाथिको अभिभारा पूरा गर्न वैचारिक, राजनीतिकरूपमा स्पष्ट भएर पार्टीले गरेका निर्णय र कार्ययोजना कार्यान्वयनमा जुट्न निर्देशन दिए । 'एमाले अनुशासित लोकतान्त्रिक पार्टी हो, हामीलाई समाजवादमा जानु छ, समृद्ध नेपाल, सुखी नेपाली बनाउनु छ । त्यसैले पार्टीमा अराजकता र अनुशासनहीनता सैह्य हुँदैन,' उनको भनाइ थियो ।

बैठकमा पार्टीका केन्द्रीय सदस्य, पोलिटब्यूरो सदस्य र स्थायी कमिटी सदस्यहरू गरी एक सय ५३ जनाले राजनीतिक प्रतिवेदन र संगठनात्मक कामबारे राय प्रस्तुत गरेको प्रचार विभाग प्रमुख गौतमले जानकारी दिए । त्यसैगरी पार्टीका केन्द्रीय निकाय, सल्लाहकार परिषद्का अध्यक्ष अमृतकुमार बोहरा, अनुशासन आयोगका अध्यक्ष केशव वडाल, लेखा आयोगका अध्यक्ष डा. पुष्प कँडेल र निर्वाचन आयोगका अध्यक्ष डा. विजय सुब्बाले आआफ्ना आयोगका कामका साथै प्रतिवेदनहरूमाथि सुझाव राखेका थिए ।




यसअघि, अध्यक्ष ओलीले बैठकमा राजनीतिक प्रतिवेदन पेस गर्नाका साथै महासचिव शङ्कर पोखरेलले संगठनात्मक कामको संक्षिप्त जानकारी गराएका थिए । बैठकमा उपमहासचिव प्रदीप ज्ञवालीले समसामयिक प्रस्तावहरू प्रस्तुत गरे । महासचिव पोखरेलले साङ्गठानिक अवस्थाको संक्षिप्त जानकारी गराउँदै केन्द्रीय कमिटीको सातौँ बैठकयता संगठन निर्माण र परिचालनका सन्दर्भमा महत्वपूर्ण कामहरू भएको, नेकपा स्थापनाको हीरक महोत्सव र राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक भव्य रूपमा सम्पन्न भएको लगायत विषय प्रस्तुत गरेका थिए ।

### समयानुकूल संविधान संशोधन

बैठकले संविधानको समयानुकूल संशोधनको प्रक्रिया अगाडि बढाउन सरकारसँग आग्रह गरेको छ । 'नेपालको संविधान कार्यान्वयनको दश वर्ष हुन लागेको छ । संविधान कार्यान्वयनको वस्तुनिष्ठ समीक्षा गर्दै यसका सबल र दुर्बल पक्षलाई केलाउँदै संविधानका प्रगतिशील अन्तरवस्तुको संरक्षण र राजनीतिक स्थायित्वलाई सुनिश्चित गर्ने गरी बृहत् समझदारी र सहभागितामा संविधानको समयानुकूल संशोधनको प्रक्रिया अगाडि बढाउन यो बैठक सरकारसँग आग्रह गर्दछ,' पारित समसामयिक प्रस्तावमा भनिएको छ ।

यस्तै, राष्ट्रिय हितको रक्षा, राजनीतिक स्थायित्व, अर्थतन्त्रमा गतिशीलता, सुशासन, विकास र समृद्धिको मुख्य उद्देश्य राखेर एमाले र नेपाली काङ्ग्रेस सम्मिलित संयुक्त सरकार गठन भएसँगै देशमा राजनीतिक स्थायित्वको आशा जागृत भएको एमालेले पारित गरेको प्रस्तावमा भनिएको छ । 'मुख्य राजनीतिक दलहरूको नेतृत्वमा ७ दल सहभागी भएर बनेको यस सरकारसँग जनताका धेरै अपेक्षाहरू छन्,' प्रस्तावमा भनिएको छ, 'सरकारको काँधमा नेपालको संविधानले परिकल्पना गरेको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने दिशामा बलियो जग बसाल्ने ऐतिहासिक अभिभारा छ ।'

एमालेले सशस्त्र द्वन्द्व, लामो सङ्क्रमणकाल, भूकम्प र महामारी जस्ता चुनौती बाबजुद नेपालले गएको साढे तीन दशकमा हासिल गरेका उपलब्धि महत्वपूर्ण रहे पनि सुस्त विकास, न्यून आर्थिक वृद्धि, बेरोजगारी र परनिर्भरता जस्ता चुनौती विद्यमान रहेको उल्लेख गरेको छ । 'राष्ट्रिय पुँजीको निर्माण गर्दै र स्वाधीन अर्थप्रणालीको विकास गर्दै समाजवादोन्मुख राज्य निर्माणमा हामी दृढ सङ्कल्पित छौँ । समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा अवश्य पूरा हुन्छ भन्ने आत्मविश्वास बलियो बनाउन र यस सामाजिक–आर्थिक रूपान्तरण र समृद्धिको अभियानमा सहभागी हुन यो बैठक आह्वान गर्दछ ।'

स्वदेशभित्र अवसर नदेखेर या भएको अवसर सदुपयोग गर्न नसकेर भइरहेको युवाहरू पलायनप्रति चिन्तित र संवेदनशील रहेको भन्दै एमालेले ८० को दशकलाई समृद्धि र रोजगारी सिर्जनाको दशकको रुपमा अगाडि बढाउन सरकारलाई आग्रह गरेको छ । यस्तै, बैठकले भ्रष्टाचारविरुद्ध सामाजिक जागरण, सहकारी बचतकर्ताहरूको रकम फिर्ताको सुनिश्चित, अनियमितताामा मुछिएका जोसुकैविरुद्ध निर्ममतापूर्वक प्रस्तुत हुन र भ्रष्टाचार भएको भनी चर्चामा रहेका सबै प्रकरणको यथाशीघ्र छानबिन गरी निष्कर्षमा पु¥याउन सरकारको ध्यानाकर्षण गराएको छ । बैठकले मिथ्या, दुराशययुक्त र झुट्टा सूचना विश्वव्यापी चुनौतीका रूपमा देखापरेको र नेपाल पनि यो समस्यासँग जुझिरहेको भन्दै संविधानप्रदत्त प्रेस र अभिव्यक्ति स्वतन्त्रतालाई सुनिश्चित गर्दै यस्ता सूचना रोक्न राज्यका नियामक निकायहरूको भूमिका थप प्रभावकारी बनाउन सरकारसँग आग्रह गरेको छ ।

### सकारात्मक काम प्रचार गर्न आग्रह

बैठकले पार्टी पङ्क्तिलाई सूचना प्रविधिको सही सदुपयोग गर्न र सरकार तथा पार्टीले हासिल गरिरहेका सकारात्मक उपलब्धि, सफलता र अग्रगतिका सूचनामार्फत् जनतामा आशा र भरोसा जगाउन आग्रह गरेको छ । यस्तै बैठकले दुराशययुक्त सूचनालाई खण्डित र निष्प्रभावी बनाउन आह्वानसमेत गरेको छ ।

बैठकले नेपाली सीमा नजिकैं चीनमा केन्द्रबिन्दु भएर गएको शक्तिशाली भूकम्पले हालसम्म चीनमा ९५ जनाको ज्यान गएको र ठूलो भौतिक क्षति पुगेको घटनाप्रति गहिरो सहानुभूति व्यक्त गरेको छ ।

एमालेमा फर्कन आग्रह

बैठकले पार्टी विभाजनलगायत कारणले पार्टी बाहिर रहेका सबै नेता र स्वतन्त्र ढङ्गले क्रियाशील रहेकाहरूलाई पार्टीमा फर्कन आह्वान गरेको छ ।

यस्तै बैठकले श्रमजीवी जनता र विपन्न नागरिकलाई केन्द्रमा राखेर दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति, महङगी, कालोबजारी र मिसावट नियन्त्रणका लागि प्रभावकारी बजार अनुगमन तथा नियमन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराएको छ । 'किसानले उत्पादन गरेका कृषिउपजको उचित बजार र मूल्य पाउने सुनिश्चित गर्न, बिचौलियाको बिगबिगी अन्त्य गर्न र स्वदेशी कृषि उत्पादनको संरक्षण गर्न यो बैठक सरकारको ध्यानाकर्षण गर्दछ,' पारित प्रस्तावमा भनिएको छ ।

# धनुषामा काठसहित टयाक्टर नियन्त्रणमा

**मधेशदृष्टि**
**ढल्केबर ।**
ट्याक्टर प्रयोग गरी अवैध रूपमा ओसारपसार भइरहेको काठसहित एक जनालाई वन कर्मचारीले पक्राउ गरेको छ । धनुषाको गणेशमान चानानाथ नगरपालिका–६, गोदारबाट ज. १ त. ८९२८ नम्बरको टयाक्टरसहित चालक जितेन्द्र सहनीलाई कमला सब डिभिजन वन कार्यालय गोदारका वन कर्मचारीले पक्राउ गरेको हो । आधिकारिक कागजात नभएपछि सोमबार साँझ काठसहित ट्याक्टर र त्यसका चालकलाई नियन्त्रणमा लिइएको कमला सब डिभिजन वन कार्यालयका अधिकृत भगलु मण्डलले बताए । उनले टयाक्टरमा ६ थान काठको गोलिया रहेको जानकारी दिँदै बरामद काठसहितको टयाक्टर सब डिभिजन वन कार्यालय पुष्पवलपुरमा राखिएको बताए ।



## शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

**प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

**पोखरिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**पर्सा, मधेश प्रदेश, नेपाल**



# वनमा फलफूल पाउन थालेपछि बाँदरको उपद्रव घट्दै



**मधेशदृष्टि**
**महोत्तरी ।**
बर्दिवास–१ र ३ को बीचमा पर्ने चिहानडाँडा वरपरका वनजङ्गलमा बोटबिरुवा र फलफूलमा पाउन थालेपछि गाउँमा बादरको उपद्रव घटेको छ । चिहानडाँडा सामुदायिक वन उपभोक्ता समितिले चार वर्षअघि वनक्षेत्रमा विभिन्न प्रजातिका बिरुवा रोपेको थियो । यहाँका जामुना, फडिर, अमला, अम्बा र महुवालगायतमा फल फल्न थालेपछि बस्तीमा बाँदर पस्नेक्रम पातलिएको हो । 'अझै पनि घरका छतछतमा एक–दुई वटा बाँदर आइरहन्छन्, पहिले दैनिक २०–२५ को संख्यामा बाँदरको हुल आउथ्यो', स्थानीय उमा पोखरेलले भनिन्, 'पहिले बाँदरको समूहले अन्नबाली, बोटबिरुवा, घरका सामान सबै खोसलेर केही बाँकी राख्दैनथे ।' करिब तीन वर्ष पहिले समूहमा आउने बाँदरले घर पसेर खाद्यान्नसमेत नष्ट गरेको सम्झँदै उहाँले आजभालि बस्ती पस्ने बाँदर पातलिन थालेका बताए । सामुदायिक वनमा रोपिएका बिरुवाले फल दिन थालेपछि बाँदर जङ्गलमा रमाउन थालेका पोखरेलको भनाइ छ । बाँदर गाउँमा पसेर अन्नबाली नष्ट गर्ने, मानिसमाथि आक्रमण गर्नेलगायत क्रियाकलापबाट दुःख दिने गरेको गुनासो बढेपछि २०७८ सालमा तत्कालीन वन उपभोक्ता समितिले आफ्नो वनक्षेत्रमा फलफूल रोपन अभियान सञ्चालन गरेको थियो । अहिले चिहानडाँडा वनक्षेत्रमा रोपिएका अमला, अम्बा, जामुन, फडिर र महुवालगायत फल फल्न थालेपछि बाँदर वनमा रमाएर बस्ती पस्नेक्रम पातलिएको घनश्याम न्यौपानेले बताए । उनी वन उपभोक्ता समितिको अध्यक्ष रहेका बेला फलफूल रोपन गरिएको थियो । तत्कालीन समयमा दुई वर्षमा दुई हजार बढी बिरुवा रोपिएको उनले जानकारी दिए । वनमा फल फल्न थालेपछि बाँदरमात्र नभएर जङ्गली चराचुरुङ्गीले पनि भोजन पाएका छन् । वनभित्र पस्न र चरण निषेध गरिएकाले मानिसको चहलपहल पातलिएपछि वनमा विभिन्न प्रजातिका चराचुरुङ्गी बढेका चिहानडाँडा सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भीम श्रेष्ठले बताए । 'वन हराभरा भएपछि अहिले मयूरसहित रङ्गीविरङ्गी चराको चिरबिर गुञ्जिरहन्छ । खरायो, न्याउरीमुसा, दुम्सी र मलसाँप्रालगायत जीव पनि वनक्षेत्रमा बढेका छन्', उनले भने । पूर्वपश्चिम राजमार्गबाट पाँच सय मिटर उत्तरमा यो वन पर्दछ । करिब ४४ हेक्टर क्षेत्रफलमा बाँदर आतङ्क कम गर्ने र गल्छीपहिरो रोकथाम गर्ने उद्देश्यले रोपिएका फलफूलका साथै करिब एक हजार झाङ बाँस सप्रिएका अध्यक्ष श्रेष्ठले उल्लेख गरे । बाँस छिप्पिँदै गएपछि उपभोक्तालाई बर्सेनि बाँड्ने योजना बनाइएको उपभोक्ता समितिले जनाएको छ । कतिपय स्थानमा वन अतिक्रमण भइरहेका भए पनि यहाँको वनक्षेत्र भने सुरक्षित रहेको अध्यक्ष श्रेष्ठको भनाइ छ । 'यो वन छ र घर मास्तिर, मुन्तिर हराभरा देख्न पाइएको छ, वन संरक्षण भएपछि खोल्सीहरूमा पानी रसाएको छ', उनले भने, 'रङ्गीविरङ्गी चरा देख्न र चिरबिर सुन्न पाइन्छ, बाँदर बस्तीमा पस्ने क्रम पनि कम भइरहेको छ ।' वन उपभोक्ता समितिले वन सुरक्षाका लागि एक जना वनहेरालु नियुक्त गरेको अध्यक्ष श्रेष्ठले जानकारी दिए । 'वनमा आवतजावत निषेध गरेका छौँ', उनले भने । वन बढाउन, सुरक्षाको थप व्यवस्था मिलाउन तथा फलपूm ल र बाँसका बिरुवा रोप्ने कार्यमा पूर्वअध्यक्ष न्यौपानेको उल्लेख्य योगदान रहेको उनले बताए । समितिले बर्सेनि बाँस काटेर उपभोक्तालाई वितरण गर्दै आएको छ । बाँसको झाङ बढेपछि नयाँ तामा नफस्टाउने र अन्य वनस्पति पनि नबढ्ने भएकाले केही बाँस छ्यासेर उपभोक्तालाई दिने गरिएको समितिले जनाएको छ ।

# प्रादेशिक अस्पतालका बिरामीलाई कम्बल वितरण




**मधेशदृष्टि**
**सिरहा ।**
लहानस्थित रामकुमार उमाप्रसाद स्मारक प्रादेशिक अस्पतालका बिरामीलाई लहान नगरपालिकाले ६५ थान कम्बल सहयोग गरेको छ । नगरपालिकाको तर्फबाट नगरप्रमुख महेशप्रसाद चौधरीले सोमबार ती कम्बल अस्पताललाई प्रदान गरेका हुन् । सो अवसरमा उनले गरिब तथा विपन्न बिरामीलाई शीतलहर र चिसोबाट बच्नका लागि कम्बल सहयोग गरेको बताए । उनले भने, 'दिनानुदिन चिसो बढ्दै छ, कठ्याङ्ग्रिँदो चिसोले गरिब तथा विपन्न वर्गका बिरामीलाई थप बिरामी पर्नबाट बचाउन सहयोग पुग्छ भन्ने उद्देश्यले कम्बल वितरण गरिएको हो । यसबाट यहाँ बस्ने बिरामीले न्यानोसँग रात काट्नेछन् ।' शीतलहरको जोखिमले अस्पतालका बिरामीको स्वास्थ्यमा थप समस्या उत्पन्न हुनसक्ने जनाउँदै अस्पतालका प्रमुख डा बिजेन्द्रकुमार यादवले कम्बल वितरणले बिरामीको शारीरिक र मानसिक अवस्थामा राहत पुग्ने विश्वास व्यक्त गरे । उनले स्थानीय तहले गर्नैपर्ने सहयोग अस्पतालाई गरेको आफूहरूले महसुस गरेको धारणा राखे । यस अस्पतालमा ६५ शय्या रहेका छन् ।

# पटेर्वा सुगौलीमा सुरक्षा सम्बन्धी अन्तरक्रिया सम्पन्न

**मधेशदृष्टि**
**वीरगंज ।**
इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीद्वारा सोमबार आयोजित सुरक्षा सम्बन्धी परिचयात्मक र अन्तरक्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।
कार्यक्रममा स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि, नागरिक समाज, शिक्षक, बुद्धिजीवी, स्थानीय पत्रकार र सर्वसाधारणको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा सखुवा प्रसौनी गाउँपालिकाका मोजामिल अन्सारी, मोहम्मद आरिफ मियाँ, पटेर्वा सुगौली गाउँपालिका–४ का वडाध्यक्ष बासु पजियार, जिराभवानी गाउँपालिकाका अध्यक्ष अनोज चौधरी र सोही गाउँपालिकाका वडा नम्बर ४ का वडाध्यक्ष दारा सिंहले आफ्नो धारणा राखे । सहभागीहरूले विभिन्न सुरक्षा चुनौती र मुद्दाहरूमा सुझाव दिएका थिए, जसमा प्रमुख रूपमा पीडितहरूलाई निःशुल्क निवेदन लेख्नको व्यवस्था, उजुरी र मुद्दामा निष्पक्षता र त्वरित न्यायको माग, भारतबाट किसानले ल्याउने सामग्रीहरूको सुरक्षा, हेलमेट बिना सवारी चलाउनेहरूको कारबाही, र लागूऔषध दुर्व्यसनको नियन्त्रणसम्बन्धी सचेतना कार्यक्रमको आवश्यकता समेत उठाइएको थियो ।
कार्यक्रममा नेपाल पत्रकार महासंघ पर्सा शाखाका सदस्य प्रमोद यादव, स्थानीय पत्रकार चिरञ्जीवी यादव, राम किशोर चौधरी, प्रहरी निरीक्षक हरिराज प्रसाद यादव लगायतका व्यक्तिहरूको उपस्थिति थियो । कार्यक्रमको समापनमा इलाका प्रहरी कार्यालय पटेर्वा सुगौलीका प्रमुख प्रहरी निरीक्षक प्रकाश थापाले सहभागीहरूको सुझाव र चिन्तनलाई गम्भीरता पूर्वक लिई सुरक्षामा सुधार ल्याउन प्रतिबद्धता जनाए । उनीहरूको अनुसार, यस प्रकारका छलफलहरूले स्थानीय सुरक्षामा महत्वपूर्ण सुधार ल्याउन सहयोग पुर्याउने विश्वास गरिएको छ ।

# आश्रमलाई औषधि सहयोग




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजस्थित मानव सेवा आश्रममा रहेका आश्रितहरुको उपचारमा आवश्यक पर्ने औषधि स्वास्थ्य कार्यालय पर्साले सहयोग गरेको छ । मानव सेवा आश्रमलाई स्वास्थ्य कार्यालय पर्साले ८४ हजार रुपैयाँ बराबरको ४१ प्रकारका औषधिहरु सहयोग गरेको हो । मंगलबार स्वास्थ्य कार्यालय पर्साका प्रमुख डाक्टर मुक्तिनारायण साहसहितको टोलीले आश्रममै पुगेर आश्रमका संस्थापक देवेश गुप्तालाई ती औषधि प्रदान गरेका हुन् । मानव सेवा आश्रम वीरगन्ज शाखामा हाल अभिभावकविहिन र बेसाहरा गरी ५५ जना आश्रीतहरु छन् । मंगलबार उनीहरुलाई स्वास्थ्य कार्यालय पर्साका तर्फबाट कोभिड खोपको बुस्टर डोज पनि लगाइदिएको स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले जानकारी दिए । ठाकुरका अनुसार, आश्रममा रहेका आश्रितहरुमध्ये कतिपयको मानसिक अवस्था ठिक नरहेको, बृद्धबृद्धाको स्वास्थ्यमा निरन्तर समस्या देखिने गरेकोले उपचारमा आवश्यक पर्ने प्राथमिक उपचारका औषधिका साथै मानसिक रोग, विभिन्न प्रकारका एन्टिबायोटिक, दुखाई कम गर्ने औषधि, आँखा र कानको औषधि गरी ४१ प्रकारका औषधि स्वास्थ्य कार्यालयले प्रदान गरेको हो । आश्रममा रहेका बेसहारा बृद्धबृद्धा, महिला, पुरुष र अभिभावकविहीन बालबालिकाका लागि मानवीय सेवाको भावले कार्यालयका तर्फबाट औषधि सहयोग गरिएको स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा. मुक्ति नारायण साहले बताए । आश्रमका संस्थापक गुप्ताले औषधि सहयोगका लागि स्वास्थ्य कार्यालयलाई धन्यवाद दिँदै सहयोगमा प्राप्त औषधिले आश्रममा रहेका आश्रितहरुको उपचारमा सहजता हुने बताए । आगामी दिनमा पनि यस्ता सहयोगको अपेक्षा आँफुहरुले गरेको उनले बताए । औषधि हस्तान्तरण कार्यक्रममा स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुर, मल्लिका श्रेष्ठ, वीरगंज महानगरपालिकाका स्वास्थ्यकर्मी रामबाबु यादव लगायतको उपस्थिति रहेको थियो ।

## कांग्रेस परित्याग गरी जसपा नेपाल प्रवेश

**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको राजगढ गाउँपालिका ३ स्थित झौहरा चौकमा नेपाली कांग्रेस परित्याग गरी २६ जना जनता समाजवादी पार्टी (जसपा) नेपाल प्रवेश गरेका छन् ।
जनतासँग जसपा नेपाल आधारभूत सङ्गठन निर्माण अभियानअन्तर्गत झौहरा चौकमा वडा नम्बर ३ समितिद्वारा आयोजित कार्यक्रममा उपेन्द्र नारायण यादवको नेतृत्वमा उनीहरु जसपा नेपाल प्रवेश गरेका हुन् । जसपा नेपाल वडाध्यक्ष विशेश्वर यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा केन्द्रीय सचिव शैलेन्द्र प्रसाद साह, केन्द्रीय सदस्य एवम् राजगढ गाउँपलिकाका प्रमुख अभियानता रमिला देवी साह, केन्द्रीय सदस्य एवम् पूर्व प्रदेश सांसद विदेश्वरप्रसाद यादवले पार्टी सदस्यता प्रदान गरी माला र टीका लगाएर नवप्रवेशीलाई स्वागत गरेका छन् । कार्यक्रममा यादवको नेतृत्वमा आनन्द साह, तेजु सदाय, हरेराम मण्डल लगायत २६ जना नेपाली कांग्रेस परित्याग गरी जसपा नेपालमा प्रवेश गरेको राजगढ गाउँपलिकाका प्रमुख अभियानता रमिला देवी साहले जानकारी दिइन् ।

# पौष्टिक भोजन वितरण

**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लबहरू वीरगंज मेट्रोसिटी, गेटवे, ह्यूमनिटी, संस्कृति गोल्ड, तथा सुप्रीमको संयुक्त आयोजनामा वीरगंज महावीरस्थान क्षेत्रमा पौष्टिक भोजन वितरण कार्यक्रम सम्पन्न भएको छ । मेलविन जोनको १४६औँ जन्मोत्सवको अवसर पारेर आयोजित यस कार्यक्रममा साथीहरूलाई पूरी, जलेबी, र तरकारीजस्ता पौष्टिक भोजन वितरण गरिएको हो । कार्यक्रमको अध्यक्षता एमजेएफ अशोक बेरीवालले गरेका थिए । सो कार्यक्रममा भूतपूर्व डिस्ट्रिक्ट गभर्नर वरिष्ठ लायन डा. आरपी खेतान, उपगभर्नर आरभी पाण्डेय, डा. पशुपति नाथ भट्ट, डा. दिगंबर कुमार, प्रदीप कुमार अग्रवाल, सचिव उमेश कुमार गुप्ता, अंकित चौरसिया, नरोत्तम पाण्डेय लगायत लायन्स क्लबका पदाधिकारी, पत्रकार र स्थानीयको उपस्थिति रहेको थियो । लायन्स क्लबहरूले सामाजिक सेवाको भावनाका साथ आयोजना गरेको यस कार्यक्रमले सामुदायिक सहयोग र सेवाको महत्वपूर्ण सन्देश प्रवाह गरेको छ । सहभागीहरूले यस प्रकारका कार्यक्रमहरूले समाजमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरेका छन् ।


नेपाल सरकार
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमिव्यवस्थापन तथा अभिलेख विभाग

**मालपोत कार्यालय मौलापुर, रौतहट**

**विषय : ३५ दिने सार्वजनिक सूचना**

जिल्ला बारा साविक गा.वि.स. देवपुरा वार्ड नं. २३ हाल सिम्रौनगढ न.पा.-१० मा बस्ने भगलु रायको नामदर्ताको तपसिलका जग्ग जिल्ला बारा साबिक गा.वि.स. देवपुरा वार्ड नं. २ हाल सिम्रौनगढ न.पा.-१० मा बस्ने लालबचन राय यादवले आफ्नो नाममा नामसारी गरी पाउँ भनी द.नं. १४३९ मिति २०८१/०६/३० को माग निवेदन।

तपसिल

| गा.पा./न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| पिपरिया | ६ | १८१ | ०-०-१५ | भगलु राय |
| पिपरिया | ६ | १८२ | ०-३-१६ | भगलु राय |

माथि उल्लेखित जग्गाको माठ भिडान हुँदा ज.ध.को नाम भगलु राय, वतन जिल्ला बारा गा.वि.स. देवापुरा वार्ड नं. २, बाबु देवशरण राय, बाजे गणेश राय यादव, ना.प्र.नं. ८९/२५१७०१४४ जारी मिति २०३४ मात्र उल्लेख गरी जग्गको विवरणमा गा.वि.स. पिपरिया वडा नं. ६ कि.नं. १८१ क्षे. ०-०-१५ र कि.नं. १८२ क्षेत्र. ०-३-१६ उल्लेख रही रोक्क देखिदैन भनी उल्लेख भएकोदेखिन्छ।
जिल्ला बारा सिम्रौनगढ न.पा. १० को च.नं. १७० मिति २०८१-५-१८ गतेको पत्रबाट ज.ध. भगलु राय र निजको एकमात्र पत्नी कैलसिया अहिरिनको मृत्यु पश्चात हक खाने हकदार एकमात्र छोरा लालबचन राय यादव भएकोमा माथि उल्लेखित जग्गा लालबचन राय यादवको नाम एकलौटी नामसारी गरिदिन लेखि आएकोमा उक्त जग्गा माग गर्नेको सो जग्गामा निज निवेदकको हक पुग्छ कि पुग्दैन कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गा हाल कस कसको हकभोगमा रहेको छ ? निवेदक र मृतकबीच के नाता सम्बन्ध रहेको छ ? सो जग्गा कुनै किसिमले बिक्री वितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ? भगलु रायको तीनपुस्ते के-कस्तो छ ? भगलु रायको श्रेस्तामा उल्लेखित देवशरण राय र जिल्ला बारबा सिम्रौनगढ न.पा. १० को च.नं. १७० मिति २०८१-५-१८ गतेको पत्रमा उल्लेखित शिवशरण राय यी दुईटै नाम गरेका व्यक्ति एउटै हुन् कि फरक हुन् ? मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन् ? फरक पर्ने भए यस कार्यालयबाट प्रकाशित सूचनाको ३५ दिनभित्र बाटोको म्यादबाहेक स-प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानून बमोजिम भई जानेछ भन्ने व्यहोरा सर्वसाधारणको लागि यसै सूचनाद्वारा जानकारी गराईन्छ।

सम्पादकीय

# कम्बलमा एकद्वारा नीति

*जिल्ला प्रशासन कार्यालय पर्साले जाडोयाममा शीतलहरबाट प्रभावित हुने अति विपन्न तथा गरिब परिवारलाई एकद्वार प्रणालीमार्फत मानवीय सहायता उपलब्ध गराउने तयारी गरेको छ। झट्ट हेर्दा यो अति राम्रो काम हो। तर नागरिकले स्वतस्फूर्त ढंगले आफ्नो तवरले कम्बल संकलन गरेर सेवाग्राहीकहाँ पु¥याउँदा बिग्रेको के थियो ?*

*सबैले कम्बल पाएनन्, कसैलाई दोहो¥याएर वितरण भयो भन्ने गुनासोबाहेक सबैलाई कम्बल दिने दायित्व केही समाजसेवीबाट सम्भव हुने विषय पनि होइन । आफ्ना नागरिक कति कमसल छन्, कम्बल किन्न पनि सक्दैनन्, कति कम्बल चाहिन्छ, त्यो हिसाबकिताब राख्ने काम केन्द्र सरकारको प्रतिनिधिको हो र कम्बल खोज्ने, दिने काम प्रदेश सरकार र स्थानीय सरकारको हो। केही मनकारी दाताले दिन्छु भन्ने कम्बल पनि हिसाब राख्ने, एकद्वार नीति लगाउने भन्ने राज्यको समन्वयकारी भूमिका त होला, तर दातालाई सबैलाई कम्बल पु¥याउने दायित्व होइन, यो प्रशासनकै हो, राज्यकै हो। यो प्रश्नको उत्तर जतिसुकै सम्झाउन खोजे पनि एकद्वार नीतिका नाममा भइरहेको राजनीतिलाई जनताले राम्रै बुझ्दछन्। नागरिक समाजले पनि बुझ्न पर्ला।*

*पर्साका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) गणेश अर्यालको अध्यक्षतामा बसेको सर्वपक्षीय बैठकले जिल्लामा एकद्वार प्रणालीमार्फत मानवीय सहायता वितरण गर्ने निर्णय गरेको समाचार बाहिरिएको छ।*

*प्रजिअ अर्यालले सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने कम्बललगायतका राहत सामग्री वितरण कार्यलाई वस्तुपरक, पारदर्शी, व्यवस्थित र आवश्यकता केन्द्रित बनाउन एकद्वार प्रणालीबाट मात्रै वितरण गरिने जिकीर गरेको छ। यो जिकीर व्यवहारतः कति सम्भव र सफल हुन्छ, देखिँदै जाने छ । सर्वपक्षीय बैठकले पर्साका सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा पाँच सदस्यीय 'क्विक रेस्पोन्स टिम' पनि गठन गरेको छ। जसको सदस्यमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकृत सदस्य रहनेछन्। वीरगंज उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, नेपाल रेडक्रम सोसाईटीका सदस्य तथा नेपाल पत्रकार महासङ्घ पर्सा शाखा पनि सदस्य रहने गरी क्विक रेस्पोन्स टिम गठन भएको छ । जिल्लामा विभिन्न निकायसँग हालसम्म दुई हजार ५० थान कम्बल मौज्दात रहेको बताइएको छ।*

*नेपाली सेनासँग छ सय थान कम्बल पनि मौज्दात रहेको बताइएको छ। वीरगंज उद्योग वाणिज्य सङ्घले चार सय थान, नेपाल रेडक्रम सोसाइटीले एक सय पाँच थान र नेपाली युवा उद्यमी मञ्चले चार सय थान र ग्रिनसिटी सामुदायिक सेवा केन्द्रले पाँच सय थान उपलब्ध गराउने जनाएका छन्। बैठकले शितलहरबाट बच्न राहत सामग्री वितरण गर्न चाहने सङ्घ संस्थालाई जिल्ला विपद् व्यवस्थापन र 'क्विक रेस्पोन्स टिम' सँग समन्वय गरेर वितरण गर्न अनुरोध गरेको छ। बैठकले सङ्घ संस्था–प्रतिष्ठानबाट कम्बल बाहेकका अन्य राहत सामग्रीमा बालबालिकाले प्रयोग गर्ने जुत्ता, टोपी, मोजा अन्य सामग्री उपलब्ध गराउन पनि अनुरोध गरेको छ। बैठकले स्थानीय तहले वितरण गर्ने राहत सामग्रीसमेत 'क्विक रेस्पोन्स टिम' लाई जानकारी गराएर मात्र वितरण गर्न सम्बन्धित पालिकाहरूलाई अनुरोध गर्ने निर्णय गरेको छ। जब मागेरै बाँड्नु छ भने दाताले आफ्नो बलबुताले संकलन गरेको सामग्री, जो सिधै गरिबकहाँ पुग्छ, त्यस्तो कम्बल बाँड्न पनि प्रशासनलाई जानकारी गराउनु पर्ने पञ्चायती झल्को अलि सुहाएन कि अहिलेको गणतन्त्रमा ? किनभने पालिकामा पालिका सरकार बलियो र अधिकारसम्पन्न हो।*

# बर्सेनि रेबिज आतंक खेप्दै काभ्रेपलाञ्चोक

राजकुमार पराजुली

***२०७७ मा असोजदेखि करिब चार महिना पशुचौपायामा रेबिज रोगको सङ्क्रमण फैलिएको थियो । कार्यालयको तथ्याङ्कअनुसार त्यसलगत्तै मङ्सिरपछि रेबिजको आतङ्कका रुपमा फैलिएपछि करिब दुई वर्षको अवधिमा विभिन्न मितिमा चौँरीदेउरालीमा एक बालक र दुई पुरुष, पनौतीको कुशादेवीमा एक महिला र धुलिखेलमा एक युवा गरी पाँचजनाको मत्यु भएको थियो भने विसं २०७६ मा चौँरीदेउरालीमा एक पुरुषको मृत्यु भएको थियो ।यस्तै, एक हप्ताअघि रोशी गाउँपालिका–४ महादेवटारमा एक भैँसीको मृत्यु भएको जनाइएको छ। कुकुरले टोकेको करिब २० दिनपछि भैँसी मरेको हो।***

रेबिज रोगका कारण एक महिनाअघि काभ्रेपलाञ्चोकको बनेपा नगरपालिका–६ बुडोलको एक ४० वर्षीया महिलाको उपचारका क्रममा मृत्यु भयो। मृत्यु हुनु करिब एक महिनाअघि रेबिज सङ्क्रमित कुकुरले टोकेपछि उपचारार्थ स्थानीय अस्पतालमा लगिएपछि रेबिज सङ्क्रमणको शङ्कामा काठमाडौँको टेकुस्थित शुक्रराज ट्रपिकल अस्पतालमा 'रेफर' गरी पठाइएको थियो। सोही अस्पतालमा उपचारका क्रममा ती मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयले जनायो।

काभ्रेपलाञ्चोकमा चार वर्षपछि पुनः रेबिज रोगको सङ्क्रमणबाट मानिसको मृत्यु भएको हो । यसअघि उक्त सङ्क्रमणका कारण २०७६ देखि २०७९ सालसम्म तीन वर्षको अवधिमा काभ्रेपलाञ्चोकको छजनाको मृत्यु भएको थियो । कार्यालय प्रमुख रागिनी कक्षपति श्रेष्ठका अनुसार सङ्क्रमित महिलाको गत मङ्सिर २९ गते उपचारका क्रममा निधन भएको हो। उनका अनुसार कुकुरले टोकेका बारेमा परिवार आफन्तमा कसैलाई नभनेको र टोकेको केही दिनपछि बिरामी भएपछि स्थानीय अस्पतालमा उपचार गराउँदा रेबिजको भाइरस भएको शङ्कामा टेकु अस्पताल रेफर गरिएको थियो। 'टेकुमा उपचार गरिरहेको अवस्थामा करिब हप्ता दिनपछि ती महिलाको मृत्यु भएको खबर आयो', उनले भने ।सामुदायिक कुकुरको सङ्ख्या तुलनात्मक रुपमा बढिरहेकाले सावधानी अपनाउन स्थानीय तह स्तरमा समेत आग्रह गर्दै विशेष रुपमा निगरानी बढाइएको श्रेष्ठले बताए। उनका अनुसार स्थानीय तहमा रेबिजविरुद्धको विशेष सचेतना कार्यक्रम लैजाने तयारी भइरहेको छ । रेबिज सङ्क्रमणका बारेमा सचेतना गर्न, रेबिजबाट बच्न नागरिकलाई खोप सेवा लिन र रेबिज लक्षण भएका कुकुर, जङ्गली जनावर तथा अन्य पशु देखिए तत्काल खबर गर्न अनुरोध गरिएको श्रेष्ठले बताए।



काभ्रेपलाञ्चोकमा यसअघि २०७७ मा असोजदेखि करिब चार महिना पशुचौपायामा रेबिज रोगको सङ्क्रमण फैलिएको थियो । कार्यालयको तथ्याङ्कअनुसार त्यसलगत्तै मङ्सिरपछि रेबिजको आतङ्कका रुपमा फैलिएपछि करिब दुई वर्षको अवधिमा विभिन्न मितिमा चौँरीदेउरालीमा एक बालक र दुई पुरुष, पनौतीको कुशादेवीमा एक महिला र धुलिखेलमा एक युवा गरी पाँचजनाको मत्यु भएको थियो भने विसं २०७६ मा चौँरीदेउरालीमा एक पुरुषको मृत्यु भएको थियो ।यस्तै, एक हप्ताअघि रोशी गाउँपालिका–४ महादेवटारमा एक भैँसीको मृत्यु भएको जनाइएको छ। कुकुरले टोकेको करिब २० दिनपछि भैँसी मरेको हो। भैँसी बिरामी भएको चार दिनपछि उपचारका लागि गाउँपालिका पशु शाखा खबर गरिएको र उपचारका क्रममै रेबिजका कारण भैँसीको मृत्यु भएको पत्ता लागेको थियो। भैँसीले टोकेको कुकुर बेपत्ता छ। केही दिनदेखि स्थानीयले कुकुरको खोजी गरेको भए पनि कुकुर फेला नपरेको शाखाले जनायो। उक्त भैँसी पालेको परिवारलाई रेबिजविरुद्धको खोप लगाइएको जिल्लास्थित पशु सेवा कार्यालयले जनाएको छ । कार्यालयका अनुसार रेबिज महामारी फैलन नदिन रेबिजको लक्षण देखिएका स्थानका नागरिक तथा सामुदायिक कुकुरलाई रेबिज विरुद्धको खोप अभियान सुरु गरिएको छ। रोशी गाउँपालिकामा अघिल्लो वर्ष रेबिजका कारण वडा नं ७ कटुञ्जे थानसिङ्गबेँसीमा करिब दुई दर्जन बाख्रा मरेका थिए।

जिल्लाको अन्य स्थानीय तहमा पनि पशुमा रेबिज सङ्क्रमण देखिएको थियो। पशु सेवा कार्यालय धुलिखेलको प्रमुख वरिष्ठ भेटेरिनरी डा. सिर्जा वाग्लेले रेबिज महामारी फैलन नदिन रेबिजको लक्षण देखिएका स्थानका नागरिक र सामुदायिक कुकुरहरुलाई रेबिजविरुद्धको खोप लगाउने अभियान सुरु गरिएको बताए । स्थानीय तहसँगको समन्वयमा पहिलो चरणमा करिब चार सय सामुदायिक कुकुरहरुलाई खोप लगाइएको छ।

यसअघि २०७९ सालमा महाभारत गाउँपालिकाको दुई गाउँमा रेबिज रोगको सङ्क्रमण नियन्त्रणमा ल्याइरहेका बेला काभ्रेपलाञ्चोककै अर्को स्थानीय तह मण्डनदेउपुरको एक वडामा सङ्क्रमण देखियो। केही हप्ताअघि मण्डनदेउपुर नगरपालिका–१० मा मरेको एक कुकुरमा परीक्षण गर्दा बिहीबार रेबिज पुष्टी भएको थियो।

उक्त वडामा मरेको एक कुकुरमा परीक्षण गर्दा रेबिज पुष्टि भएपछि त्यस क्षेत्रका स्थानीय ३० नागरिक तथा करिब दुई दर्जन पशुचौपायालाई खोप लगाइएको थियो । त्यसअघि मण्डनदेउपुर नगरकै केही स्थानमा बितेको दुई महिनाको अवधिमा २२ वटा गाई मरेका थिए। आशङ्कामा जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले मरेका तीनवटा गाईको उत्खनन गरी परीक्षण गरेको थियो । त्यसबेला केही गाई बिरामी परेका थिए।

सोही अवधिमा जिल्लाको दक्षिणी क्षेत्र डाँडापारिस्थित महाभारत गाउँपालिकामा रेबिजका कारण पशुचौपाया मरेपछि करिब एक सय स्थानीयलाई रेबिजविरुद्ध खोप दिएको थियो। गत साल मङ्सिरमै महाभारतका दुई गाउँमा गाई, खसी–बोकालगायत १६ पशुचौपाया मरेका थिए । कुकुरले टोकर मरेका गाई काटेर खाएपछि गाउँपालिका–१ वडाको गोकुले र ८ नं वडास्थित घर्तिछापका एक सय स्थानीयलाई रेबिजविरुद्धको खोप दिइएको गाउँपालिका स्वास्थ्य शाखाले जनायो। शाखाका अनुसार मरेका पशुको मासु खाएका थप स्थानीयको खोजी कार्य गर्दै थप डेढ सय पशु चौपायालाई रेबिजविरुद्धको खोप दिइएको थियो।

रेबिज सङ्क्रमण फैलन नदिन गाउँपालिकाको स्वास्थ्य शाखा र कृषि तथा पशुपन्छी शाखाले दैनिक निगरानीसँगै नियन्त्रणका हरसम्भव प्रयास गरेका थिए । गाउँपालिका अध्यक्ष कान्छालाल जिम्बाले त्यसबेला गाउँमा चेतनामूलक ¥याली तथा स्थानीय विद्यालयमा दैनिक विशेष स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दै गरिएको थियो।

साथै, मासु खाएका कारण दुई गाउँका करिब ८० जना 'ट्रेसिङ'मा परेका सबैलाई रेबिजविरुद्धको खोप लगाइएको थियो। घटनाक्रमले जिल्लामा रेबिज रोगको सङ्क्रमण केही वर्ष नै रहिरहने देखिएको स्वास्थ्य कार्यालयले जनाउँदै आएको थियो। यस्तै २०७७ भदौमा भुम्लु गाउँपालिकामा रेबिज रोगका कारण चार दर्जनभन्दा बढी पशु चौपायाको मृत्यु भएको थियो। कार्यालयले त्यतिबेला दुई सय ८९ स्थानीय व्यक्तिलाई रेबिजविरुद्ध खोप लगाएको थियो।

स्थानीय १९ परिवारका ५१ जनाले कुकुरले टोकेर मरेका भैँसी तथा खसी, बोका काटेर मासु खाएका तथा अन्य शङ्कास्पद व्यक्तिलाई खोप लगाइएको थियो। केही वर्षदेखि लगातार रेबिज सङ्क्रमणबाट आतङ्कित भएपछि २०७९ भदौबाट काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकामा र मङ्सिरमा दक्षिणी क्षेत्र डाँडापारिस्थित महाभारत गाउँपालिकाबाट रेबिज खोप दिइएको थियो। भुम्लु र महाभारतका विभिन्न स्थानमा रेबिज रोगका कारण पशुचौपाया मरेपछि स्थानीयलाई रेबिजविरुद्ध खोप दिन थालिएको हो।

कुकुरको टोकाइले रेबिज सङ्क्रमणका कारण महाभारतका दुई गाउँमा दुई गाई मरेपछि मरेका गाई काटेर खाएपछि गाउँपालिका–१ को गोकुले र ८ नं वडास्थित घर्तिछापका स्थानीयलाई रेबिजविरुद्धको खोप दिन थालिएको कार्यालयले जनाएको छ । कार्यालयका अनुसार पहिलो चरणमा एक सय ६० डोज खोप रेबिज प्रभावित क्षेत्रमा उपलब्ध गराइएको थियो । मरेका दुई गाईका केही अङ्ग गाडिएको स्थानबाट निकालेर परीक्षण गर्दा रेबिज रोगबाट गाई मरेको पुष्टि भएको थयो। मरेका गाईको मासु खाएका कारण दुई गाउँका करिब ६० जना 'ट्रेसिङ'मा परेका थिए।

उक्त गाउँमा करिब एक महिनासम्म स्थानीय जनप्रतिनिधि, अगुवालगायत विद्यार्थीले चेतनामूलक ¥यालीको आयोजना गरे। साथै, गाउँपालिकाका देखिएको रेबिज रोगप्रति जिल्ला स्वास्थ्य कार्यालय र जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले आवश्यक अनुसन्धान तथा पशु चौपायालाई सुरक्षित गर्नेबारे समन्वय गरी त्यस समयमा रोकथाम गरिएको थियो। त्यसबेला काभ्रेपलाञ्चोकमा तीन महिनापछि पुनः महाभारतमा रेबिज रोग फेलापरेको थियो।

त्यसअघि गत भदौमा भुम्लु गाउँपालिकामा रेबिज रोगका कारण एक महिनाको अवधिमा चार दर्जनभन्दा बढी पशु चौपायाको मृत्यु भएको थियो। कार्यालयले त्यतिबेला दुई सय ८९ जनालाई रेबिजविरुद्ध खोप लगाएको थियो।

स्थानीय १९ परिवारका ५१ जनाले कुकुरले टोकेर मरेका भैँसी तथा खसी, बोका काटेर मासु खाएपछि तथा अन्य शङ्कास्पद व्यक्तिलाई खोप लगाउनुपरेको कार्यालयले जनाएको छ। त्यस बेलाका घटनाक्रमले काभ्रेपलाञ्चोकमा रेबिज रोगको सङ्क्रमण केही वर्ष नै रहिरहने देखिएको थियो । दुई वर्षअघि देखि रेबिजबाट मानिसको मृत्यु भएपछि स्वास्थ्य कार्यालय र केन्द्रले सामुदायिक तथा छाडा कुकुरसँग सावधानी अपनाउन आग्रह गर्दै पनि आएको थियो।

चिकित्सकका अनुसार रेबिजविरुद्धको खोपले रेबिज सङ्क्रमणबाट बच्न सकिन्छ। ९९ प्रतिशत सङ्क्रमण कुकुरबाट सर्ने गर्दछ। सुरुमा घरपालुवा वा अन्य जनावरको ¥यालमा रहेका रेबिज भाइरस टोकाइबाट शरीरमा प्रवेश गर्दछ। शतप्रतिशत प्राणघातक मानिएको उक्त रोग लागेको कुकुरले मान्छे, पशुपन्छीलाई टोकेको अवस्थामा रेबिज सर्न सक्छ।

राम्रोसँग पकाएर खाएको मासु, उमालेर खाएको दूधबाट रेबिज सर्दैन । काँचो दूध, मासु खाँदा रेबिज रोग सर्छ। कुकुरलाई रेबिजविरुद्धको खोप लगाउँदा रेबिज फैलन पाउँदैन । रेबिजको भाइरस रगतबाट नभई छालामुनिको भित्री तन्तु र मांसपेशी हुँदै परिधीय स्नायु, मेरुदण्ड र अन्त्यमा गिदीसम्म पुग्ने र गिदी सङ्क्रमित भएपछि मात्रै लक्षण देखिन थाल्ने गर्दछ । मानिसमा यो रोग लागेपछि ढिलोचाँडो मृत्यु निश्चित हुने गर्दछ । स्वास्थ्य तथ्याङ्कअनुसार नेपालमा बर्सेनि दुई सय बिरामीको रेबिजका कारण मृत्यु हुने गरेको छ। विश्वका एक सय ५० देशमा हरेक वर्ष रेबिज रोगबाट ५९ हजार मानिसले ज्यान गुमाउने गरेको तथ्याङ्क पनि छ । प्राणघातक रेबिज रोग नियन्त्रणका लागि अन्तर्राष्ट्रियरुपमा जनचेतना जगाउन तथा सरोकारवालाहरुबीच ऐक्यबद्धता प्रकट गर्न सेप्टेम्बर २८ को दिनलाई 'अन्तर्राष्ट्रिय रेबिज दिवस'का रुपमा मनाउने गरिएको छ। आगामी सन् २०३० सम्ममा विश्वमै रेबिज रोग उन्मूलन गर्ने लक्ष्य लिइएको छ। रासस

# गेटा अस्पतालको स्तरोन्नति गर्ने सोचमा छौँः मन्त्री पौडेल

**कैलाली ।**
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले दशरथ चन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई चिकित्साशास्त्रको शैक्षिक केन्द्रका रूपमा स्तरोन्नति गर्ने सरकारको सोच रहेको बताएका छन् ।
गोदावरी नगरपालिका–५ गेटास्थित सहिद दशरथचन्द स्वास्थ्य विज्ञान प्रतिष्ठानको अनुगमनका क्रममा उनले भने, 'यो प्रतिष्ठानलाई विश्वविद्यालयका रुपमा स्तरोन्नति गर्ने सरकारको योजना छ, एमबिबीएस कार्यक्रम सञ्चालन गर्नेगरी पूर्वाधार निर्माणलगायत काम पनि सँगसँगै अगाडि बढाउनुस् ।'
मन्त्री पौडेलले गेटा अस्पतालमा २४सै घण्टा आकस्मिक सेवा सञ्चालन गर्न निर्देशन दिनुभयो । गेटामा करिब सात अर्बका भौतिक संरचना निर्माण भएका छन् । हाल यहाँ ५० शय्याको अस्पताल सञ्चालनमा छ । रासस

# 'प्रचण्डलेमात्रै समाधान दिनसक्ने'



**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले मंगलबारको केन्द्रीय कमिटी बैठकमा आफ्नो धारणा राख्दै पार्टीले सञ्चालन गर्ने अभियानपछि विशेष महाधिवेशन गर्नुपर्ने बताएका छन् । नेता पुनले विशेष महाधिवेशनमा जोड दिएको बताइएको छ ।
वर्षमानले नेतृत्वको विकल्प भने अहिले तयार नभइसकेको बताए । उनले भने –अभियानपछि विशेष महाधिवेशनमा जानुपर्छ, तर नेतृत्वको सवालमा अहिले नै विकल्प तयार भइसकेको छैन । पुनले समकालीन नेताहरूमा प्रचण्डको तुलना अरूसँग हुन नसक्ने बताए । उनले विकल्पसहित समाधान दिनसक्ने नेता प्रचण्ड नै भएको समेत बैठकमा बताए । प्रचण्डको राजनीति प्रतिवेदनमाथि आफ्नो समर्थन रहेको पनि पुनले बताएको जनाइएको छ ।

# 'नेपाल र चीनबीचको सम्बन्ध सधैँ सौहार्दपूर्ण'

**काठमाडौँ ।**
कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले नेपाल र चीनबीचको सम्बन्ध प्रगाढ रहेको बताएका छन् ।
फाउन्डेसन अफ ट्रान्स हिमालयन एन्ड रिसर्च स्टडिज'ले मंगलबार काठमाठौँमा आयोजना गरेको 'बिआरआई ढाँचामार्फत नेपालको पर्यटन र कृषि क्षेत्रको उन्नतिका निम्ति अवसरको खोजी' विषयक कार्यक्रममा मन्त्री अधिकारीले नेपाल र चीनबीचको सम्बन्ध जहिल्यै सौहाद्र्रपूर्ण रहेको बताए । उनले भने,'नेपाल र चीनबीच भौगोलिक, राजनीतिक तथा व्यापार र पारवहनको सम्बन्ध प्रगाढ छ । नेपालमा विशेषगरी कृषि र पर्यटनको क्षेत्रमा लगानीको प्रचुर सम्भावना भएकाले चीनको विशेषज्ञता यस क्षेत्रको विकासका लागि महत्वपूर्ण छ ।'
नेपालका लागि चीनका राजदूत छन सङले नेपालमा कृषि तथा पर्यटनलगायत परियोजनाहरुमा चिनियाँ लगानीकर्ता इच्छुक रहेको बताए । उनले भने,'हालै मात्र चिनियाँ उद्यमीको टोली नेपाल आएको थियो । उहाँहरु लगानी गर्न हौसिनुभएको छ ।' नेपालको धेरै जनसङ्ख्या कृषिमा आश्रित भएकाले यसको विकासमा थप जोड दिनुपर्ने राजदूत सङले बताए ।
कृषि तथा खाद्य सुरक्षाविज्ञ डा यमुना घलेले कार्यपत्र प्रस्तुत गर्दै कृषि तथा पर्यटन क्षेत्रमा नेपालको सम्भावना अधिक रहेको बताए । उनले भने,'बिआरआईसँग सम्बन्धित लगानीले न्यून आय भएका देशहरूमा कुल गार्हस्थ्य उत्पादनमा वृद्धि गर्न मद्दत गरेको छ । नेपालमा पनि कृषि र पर्यटनको अत्यधिक सम्भावना छ । राँगा र भैँसीको मासु निर्यात सम्झौता चीनसँग भइसकेको छ ।' रासस

# पोखरामा ओली र गगनविरुद्ध नारा



**पोखरा ।**
पोखरामा प्रधानमन्त्री केपी शर्मा ओली र नेपाली कांगेसका महामन्त्री गगन थापाविरुद्ध नाराबाजी गरिएको छ । रास्वपा सभापति रवि लामिछानेका समर्थकले मंगलबार ओली र थापा विरुद्ध नाराबाजी गरेका हुन् ।
सूर्यदर्शन सहकारीको बचत अपचलन प्रकरणमा रविलाई प्रतिवादी बनाइएको छ । यसै क्रममा लामिछाने पक्षका कानून व्यवसायीले बहस पनि सकेका छ्न् । बहस सकेर कास्की प्रहरीको हिरासतमा लामिछानेलाई फर्काइएको छ । उनलाई अदालत गेट बाहिर निकाल्ने क्रममा समर्थकले हात हल्लाएर नाराबाजी गरेका हुन् ।
कास्की प्रहरीको हिरासतमा रहेका सभापति लामिछानेका तर्फबाट मंगलबार बहस सकिएको छ । लामिछानेका कानुन व्यवसायीहरु सुशील पन्त, रमण श्रेष्ठ, सुरेन्द्र थापासहितले बहस गरेका हुन् । लामिछानेका तर्फबाट उभिएका कानुन व्यवसायीको बहस सकिएको हो । अब एक दुई जनाको बहस बाँकी रहेकाले बुधबार पनि निरन्तर रहने जिल्ला अदालत कास्कीको भनाई छ । गत कात्तिक २ गतेबाट लामिछाने सूर्यदर्शन सहकारी ठगी प्रकरण, संगठित अपराध र सम्पत्ति शुद्धीकरण अभियोगमा प्रहरी हिरासतमा छन् ।

# बागमती कार्ययाजना प्रकृतिमैत्री रुपमा अघि बढ्छः उपप्रधानमन्त्री सिंह




**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं शहरी विकासमन्त्री प्रकाशमान सिंहले बागमती कार्ययोजना प्रकृतिमैत्री रूपमा अघि बढाउने बताएका छन् ।
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले काठमाडौं उपत्यकाका नगरप्रमुख तथा उपप्रमुखहरूसँग प्रस्तावित बागमती कार्ययोजनाबारे मंगलबार गरेको छलफलमा उपप्रधानमन्त्री सिंहले अबका योजना प्रकृतिमैत्री रूपमा अघि बढाउनुपर्ने बताएका हुन् ।
'बागमती कार्ययोजना टुटेको थियो । फेरि यसलाई निरन्तरता दिएका छौँ । बागमती कार्ययोजना प्रकृतिमैत्री रूपमा अगाडि बढाउँछौँ, प्रकृतिमैत्री प्रविधिको उपयोग गर्नुपर्छ,' उनले भने, 'यहाँको वातावरण सुहाउने गरी योजना अघि बढाउँछौँ । कार्ययोजनामा छलफलमा आएका सुझाव समेटेर सरोकारवालासँग छलफल गरी अन्तिम रूप दिन्छौँ ।'
बागमती कार्ययोजनाले बागमती नदी प्रणालीमा रहेका १७ अन्य नदीको समेत अध्ययन गरेर प्राकृतिक संरक्षण क्षेत्र, ग्रामीण क्षेत्र, उपशहरी क्षेत्र, शहरी क्षेत्र र तल्लो क्षेत्र वर्गीकरण गरेर अध्ययन गर्नेछ । २० वर्षे कार्ययोजनाको लागत अनुमान दुई खर्ब २५ अर्ब ३१ करोड १६ लाख रुपैयाँ रहेको अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिका आयोजना प्रमुख नारायणप्रसाद भण्डारीले जानकारी दिए ।
शहरी विकास मन्त्रालयअन्तर्गतको अधिकार सम्पन्न बागमती सभ्यता योजनाले बागमती कार्ययोजना २०२४–४४ बारे छलफल गरेको हो । छलफलमा काठमाडौं उपत्यका मेयर्स फोरमका अध्यक्ष एवं ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले कार्ययोजना सकारात्मक रहेको उल्लेख गर्दै हरियाली जोगाउने गरी प्रकृतिमैत्री रूपमा योजना अघि बढाउनुपर्ने बताए ।
मंगलबारै उपप्रधानमन्त्री सिंहले नेपाल व्यावसायिक कलाकार संघ (क्यान) को ३० औँ स्थापना दिवस तथा राष्ट्रिय विभूति कलाकार अरनिकोको स्मृति दिवसका अवसरमा कमलादीस्थित प्रज्ञा–प्रतिष्ठानमा कलाकारले कला संस्कृतिको प्रवद्र्धन गरेर मुलुकलाई अन्तर्राष्ट्रियरूपमा चिनाउन मद्दत गरेका बताए ।
'पुरस्कार वितरण तथा अग्रज कलाकार सम्मान कार्यकम' मा उपप्रधानमन्त्री सिंहले कलाकारसँग भेट्न पाउँदा र सम्मान गर्न पाउँदा आफू हुर्षित हुने गरेको बताए । उनले भने,'जीवन नै कलाकारितामा समर्पण गरेर योगदान दिने स्रष्टालाई सम्मान गर्नुपर्दछ । कलाकारको योगदानको कदर जति गरे पनि कम हुन्छ । कलाकारलाई राज्यले सक्ने सहयोग गर्छ ।' पुरस्कारबाट पुराना कलाकारप्रति सम्मान हुनाका साथै नयाँलाई यस पेसाप्रति रुचि बढ्न मद्दत पुग्ने उनको भनाइ थियो । रासस

# प्रधानमन्त्रीद्वारा सुरक्षित रहन आग्रह



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले भूकम्पबाट सुरक्षित रहन सबैलाई आग्रह गरेका छन् । मंगलबार सामाजिक सञ्जालमा लेख्दै उनले भनेका छन्,'हिजोआज विभिन्न भागमा सानाठूला भूकम्पका धक्का आइरहेका छन् । सबै सतर्क रहनुहोला, सुरक्षित रहनुहोला ।'
मंगलबार बिहान ६:५० बजे नेपाल र चीन (तिब्बत)को सीमा क्षेत्र केन्द्रविन्दु बनाएर भूकम्प जाँदा काठमाडौंसहित देशका विभिन्न जिल्लामा भूकम्पको धक्का महसुस गरिएको थियो । रासस

# देउवाद्वारा श्रद्धाञ्जली अर्पण



**काठमाडौँ ।**
पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले संयुक्त राज्य अमेरिकाका पूर्वराष्ट्रपति जिमी कार्टर र भारतका पूर्वप्रधानमन्त्री डा.मनमोहन सिंहप्रति श्रद्धाञ्जली अर्पण गरेका छन् ।
उनले मंगलबार अमेरिकी दूतावास र भारतीय दूतावासमा पुगेर अमेरिकाका पूर्वराष्ट्रपति कार्टर र भारतका पूर्वप्रधानमन्त्री डा.सिंहप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकपुस्तिकामा हस्ताक्षर गरे । रासस

# 'माओवादी ठूलो बनाउन एकता'

**काठमाडौँ ।**
नेकपा माओवादी केन्द्रका जारी केन्द्रीय समिति बैठकको तेस्रो दिनमा अखिल क्रान्तिकारीका पूर्व अध्यक्ष रञ्जित तामाङले माओवादीलाई ठूलो पार्टी बनाउँन एकता र केन्द्रीकरण आवश्यकता रहेको बताएका छन् ।
उनले पार्टी केन्द्रीय समितिको यही बैठकबारे बिदा भएका नेताहरूबारे निर्णय गरेर जान प्रस्ताव गरेका छन् ।
बैठकमा बोल्दै उनले भने, 'युवाहरूको भर्ती खोलेर पार्टी निर्माणका जिम्मा दिनु पर्दछ । युवाहरूलाई निराश बनाएर पार्टीमा उत्साह आउँदैन । उमेर हदका कारण बिदा हुने विद्यार्थीहरूलाई सबै तहमा प्राथमिकताका साथ यहीबाट न्यायोचित निर्णय गरेर जाउँ ।'
तामाङले वर्तमान सरकारले नेपाल विद्युत् प्राधिकरणका कार्यकारी प्रमुख कुलमान घिसिङमाथि गर्न लागेको कारबाहीबारे पनि बैठकमा धारणा राखे । 'विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई सरकारले हटाएमा तत्काल पार्टी सडक सङ्घर्षमा जानुपर्छ,' उनले भने ।
अध्यक्ष दाहालको नेतृत्वको विकल्प पार्टीमा नभएको तर्क अघि सार्दै तामाङले भने, 'प्रचण्ड पोश्चर नै माओवादीको विगत, वर्तमान र भविष्य हो, पार्टी पदाधिकारीमा पनि आशालाग्दा नेताहरु हुनुहुन्छ । उहाँहरुको पासपोर्ट साइजको फोटोको पनि कार्यकर्तालाई हेक्का छ । उहाँहरूले धैर्यता गर्नुपर्दछ ।'

# गगन भन्छन–'नेताहरु संघीयताप्रति उदार भएनन्'

**काठमाडौँ ।**
नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले मंगलबार ललितपुरमा आयोजित एक कार्यक्रममा बोल्दै सरकारको नेतृत्व गर्ने राजनीतिक दलका शीर्ष नेताहरू संघीयताप्रति उदार बन्न नसकेको आरोप लगाएका छन् ।
नेता थापा संघीयता सबलीकरणको कसीमा प्रदेशका सवालहरू विषयक अन्तक्रिया कार्यक्रममा बोल्दै थिए । महामन्त्री थापाले शासकीय जिम्मेवारी लिने राजनीतिक दलका नेताहरू संघीयताप्रति उदार हुन नसक्दा अहिलेको परिणाम आएको बताए । संघीयताप्रति अनुदार भएर विकासका कामहरू हुन नसक्ने उनको भनाइ थियो । संघीयतासम्बन्धी कानुन बनेनन् भने सरकारबाट बाहिरिन्छु भन्ने कुरा नयाँ र क्षेत्रीय दलहरूले समेत भन्न नसकेको टिप्पणी पनि उनले गरे ।
उनले भने, 'हामी राजनीतिक दलका नेताहरू, म पनि हो त्यसमा, जसले यो शासकीय जिम्मेवारी लिन्छौँ, हामी कोही पनि संघीयताप्रति उदार छैनौँ । हामी एकदमै अनुदार छौँ ।
हाम्रो यसमा रुचि छैन । मैले नयाँ दल पनि हेरेँ। क्षेत्रीय दलहरू पनि हेरेँ। सँगै सरकारमा पनि बस्यौँ। जसले बाहिर जेजे भने पनि भित्र सरकार चलाउने बेला कसैले पनि सर्त राख्दैन । निजामती विधेकय र प्रहरी विधेयक पारित नहुने भए म सरकारबाट बाहिरिन्छु भनेर आजसम्म कसैले भनेको सुनेको छैन।
कसैले भन्दैन । सबैले बाहिर भन्छन्, सरकार चलाउने ठाउँमा गइसकेपछि अधिकारलाई कसरी मुठीमा राखिराख्ने भन्नेमै हुन्छौँ । सबै मिल्छौँ हामी । यसले गर्दा दुर्घटना हुने भयो । संघीयता नेपालमा अनवरत चल्छ ।
प्रदेशहरू रही नै राख्छन् । यो संवैधानिक व्यवस्थाको सबै हामी पक्षमा छौँ । तर हामी प्रदेशहरूलाई, सिंगो संघीय व्यवस्थालाई स्थानीय सरकार पनि यो भित्र पर्छ । हामी यसलाई फङ्सनल बनाउनेवाला भएनौँ अब । यसलाई प्रभावकारी बनाउने भएनौँ । रिजल्ट ओरियन्टेट बनाउने भएनौँ। यसबाट परिणाम नआउने भयो ।'
नतिजा राम्रो नआएपछि सबैले प्रदेशलाई भारी बोकाउने गरेको उनको भनाइ थियो । प्रदेश र स्थानीय सरकारलाई दिने अधिकार दिनुपर्छ भनेर नै अहिलेको सरकारले काम गरिरहेको धारणा पनि उनले राखे ।

# झाक्रीले सम्झिइन् आफू मन्त्री हुँदा ल्याएको योजना

**काठमाडौं ।**
नेकपा (एकीकृत समाजवादी) की नेतृ एवं पूर्वमन्त्री रामकुमारी झाँक्रीले आफू सहरी विकासमन्त्री हुँदा ल्याएका योजनाको स्मरण गरेकी छिन् ।
मंगलबार विहान गएको भूकम्पबारे सामाजिक सञ्जालमा लेख्दै उनले सहरी क्षेत्रमा भूकम्प आउँदा मानिस दौडेर जम्मा हुने खुला ठाउँ पनि नभएको भन्दै आफ्नो पालाको योजना कार्यान्वयन नभएको उल्लेख गरेकी हुन् ।
'विपद् बाजा बजाएर त आउँदैन भन्छन्, तर बितेका दिनमा भएका घटना कति छिटो बिर्सन्छौँ ? अनि म सहरी विकासमन्त्री भएको बेला ल्याएका कार्यक्रम कता अलपत्र परे होलान् भनेर सोच्न बाध्य भएँ। विपद्मा मान्छे जम्मा हुने खुला ठाउँ छैन, जनसंख्याको वृद्धि सहरकेन्द्रित छ ।'
नेतृ झाक्रीले आफ्नो फेशबुकमा लेखेकी हुन् ।
उनले यही कुरालाई ध्यानमा राखेर आफ्नो पालामा काठमाडौं उपत्यकाभित्र आठ ठाउँमा र घना बस्ती भएका काठमाडौंबाहिरका साना सहरमा प्रतिसहर कम्तीमा दुईवटा पार्क बनाउने नीति र कार्यक्रम ल्याएको उल्लेख गरेकी छिन् । उनले भनेकी छिन्, 'काठमाडौंको बानेश्वर चोकलाई 'बानेश्वर एभेन्यु' बनाउने, त्यसका लागि मापदण्डअनुसार तीनतिरका केही घरहरूलाई मुआब्जा नै दिएर हटाउने र आईसीसी (संसद् भवन) तर्फको भागको चुच्चो मिलाएर चौडा चोक बनाउने कार्यक्रम थियो । कुन–कुन ठाउँबारे खुला क्षेत्र बनाउने भन्ने अध्ययन गरिएको थियो, कुन मोडालिटीमा काम गर्ने त्यो पनि फाइनल थियो ।'
आफूले मन्त्रीको रूपमा संसद्बाट स्वीकृत एउटा कार्यक्रम कार्यान्वयन गर्ने र एउटा नयाँ कार्यक्रम ल्याउने मात्र समय पाएको त्यसपछि सरकारबाट बाहिरिनुपरेको उनको भनाई छ ।

# प्रधानमन्त्री कप महिला क्रिकेटः डडेल्धुराद्वारा कञ्चनपुर पराजित

**बैतडी ।**
बैतडीमा जारी प्रधानमन्त्री कप महिला टी–२० सुदूरपश्चिम प्रदेशस्तरीय छनोट क्रिकेट प्रतियोगिताअन्तर्गत आजको खेलमा डडेल्धुराले कञ्चनपुरलाई पराजित गरेको छ । डडेल्धुराले कञ्चनपुरलाई ६ विकेटले हराएको हो ।

दशरथ चन्द क्रिकेट मैदानमा पहिला ब्याटिङ गरेको कञ्चनपुरले १६.५ ओभरमा सबै विकेट गुमाएर ८८ रन बनायो । डडेल्धुराले ८९ रनको विजयी लक्ष्य १७.१ ओभरमा चार विकेटको क्षतिमा प्राप्त ग¥यो । डडेलधुराका लागि रविना धामीले अविजित १६ र हेमा भट्टले १५ रन बनाइन् । बलिङतर्फ कञ्चनपुरकी मञ्जु विष्टले दुई विकेट लिइन् ।

यसअघि पहिला ब्याटिङ गर्ने क्रममा कञ्चनपुरकी रेवती धामीले सर्वाधिक ४१ रनको योगदान दिइन् । बलिङतर्फ डडेल्धुराकी हिरा साउदले तीन विकेट लिइन् । उनी 'प्लेयर अफ दी म्याच' घोषित भइन् ।

सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघको आयोजना तथा बैतडी जिल्ला क्रिकेट संघको सहआयोजनामा यही पुस १९ गतेदेखि उक्त प्रतियोगिता सुरु भएको हो । प्रतियोगिता पुस २५ गतेसम्म चल्नेछ । प्रतियोगितामा उत्कृष्ट खेल प्रदर्शन गरेका खेलाडी छनोट गरेर प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिताका लागि प्रदेशको टोली तयार गरिने सुदूरपश्चिम प्रादेशिक क्रिकेट संघका अध्यक्ष वासुदेव जोशीले जानकारी दिए । प्रधानमन्त्री कप महिला राष्ट्रिय प्रतियोगिता आगामी माघ १ गतेदेखि कैलालीको धनगढीमा हुने तय भएको छ । रासस

# नेप्से परिसूचक सामान्य अंकले बढ्यो



**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेन्ज नेप्से परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । मंगलबार नेप्से ६.१६ अंकले बढेर दुई हजार ६४६.८४ विन्दुमा कायम भएको हो ।

मंगलबार ३०५ कम्पनीको एक करोड २० लाख ८१ हजार ६०६ कित्ता सेयर ६६ हजार ६२६ पटक खरिद–बिक्री हुँदा पाँच अर्ब ३८ करोड ४६ लाख ७२ हजार २९५ रुपैयाँ बराबरको कारोबार भएको छ ।

मंगलबारको कारोबारमा बैंकिङ समूह ०.२७, होटेल तथा पर्यटन ०.०४, उत्पादन तथा प्रशोधन ०.२५ र अन्य समूह ०.१८ प्रतिशतले घटेको छ । लगानी समूहको उपसूचक स्थिर देखिँदा अरू समूहका उपसूचक भने बढेका छन् । सबैभन्दा धेरै वित्त समूह २.६५ प्रतिशतले बढेको छ । विकास बैंक ०.८०, जलविद्युत् ०.४२, जीवन बिमा ०.६७, लघुवित्त ०.४४, म्युचुअल फन्ड ०.३५, निर्जीवन बिमा ०.४२ र व्यापार समूह ०.५९ प्रतिशतले बढेको छ ।

सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड र ङादी हाइड्रोपावर लिमिटेडको सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड र डोल्टी पावर कम्पनी लिमिटेडको सेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । रासस

# अन्तर्राष्ट्रिय स्पर्धाका पदक विजेता खेलाडी पुरस्कृत



**काठमाडौं ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले साफ महिला फुटबल, एसियाली कराँते र कावा बिच भलिबलमा पदक जित्न सफल खेलाडी, ती खेलका प्रशिक्षक र व्यवस्थापकलाई पुरस्कार प्रदान गरेका छन् ।

युवा तथा खेलकुद मन्त्रालयले आज प्रधानमन्त्री निवासमा आयोजना गरेको कार्यक्रममा सरकारको गत मङ्सिर २८ गतेको निर्णयबमोजिम उनीहरूलाई पुस्कार प्रदान गरिएको हो । प्रधानमन्त्री ओलीको नेतृत्व सरकार गठन भएपछि खेलाडी एवं प्रशिक्षकलाई प्रदान गरिने पुरस्कारमा करकट्टीको व्यवस्था खारेज भएको छ ।

गत कात्तिक १ देखि १४ गतेसम्म काठमाडौँमा भएको साफ वुमन च्याम्पियनसिपमा पदक विजेता अमृता जैसी, मुख्य प्रशिक्षक राजेन्द्र तामाङ र व्यवस्थापक वृन्दा देवान तथा चीनको हाइजाओमा गत असोज १देखि ७ गतेसम्म भएको बीसौँ एसियाली कराँते च्याम्यियनसिपमा पदक विजेता एरिका गुरुङ, मुख्य प्रशिक्षक कुशल श्रेष्ठलाई प्रधानमन्त्रीले पुरस्कार प्रदान गरे ।

यसैगरी उनले गत साउन १७ देखि २० गतेसम्म भुटानको थिम्पुमा भएको कावा बीच महिला तथा पुरुष भलिबलका विजेता कमला पुन, मनिषकुमारी चौधरी, प्रशिक्षक रुपेशकुमार विष्टलाई पनि पुरस्कार प्रदान गरे ।

खेलका माध्यमबाट देशको गरिमा अन्तर्राष्ट्रिय जगत्मा वृद्धि गरेकामा खेलाडीहरूको सराहना गर्दै प्रधानमन्त्री ओलीले खेल जित्न सकिन्छ भन्ने उच्च मनोबल र अठोटका साथ प्रतिस्पर्धा गर्न सुझाव दिए ।

सामूहिक भावनालाई आत्मसात् गर्दै मैदानमा उत्रनुपर्नेमा उनले जोड दिए । रासस

# पुनर्निर्माणका लागि पालिकाको नेतृत्वमा विवरण संकलन

**काठमाडौं ।**
२०८० साल कात्तिक १७ गते जाजरकोटको रामीडाँडा केन्द्रबिन्दु भई भूकम्प हुँदा क्षतिग्रस्त निजी आवासको प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापनाको विस्तृत विवरण सम्बन्धित स्थानीय तहको नेतृत्व स्थानीय तहका प्राविधिकमार्फत सङ्कलन गर्ने निर्णय भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको प्राविधिक सहयोग, सहजीकरण र समन्वयमा यथाशक्य चाँडो विवरण सङ्कलन सुरु गरिने प्राधिकरणका सहसचिव डा.भीष्मकुमार भुसालले जानकारी दिए ।

जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको हालैको बैठकले 'विपद प्रभावित निजी आवास प्रबलीकरण, पुनर्निर्माण तथा पुनःस्थापना कार्यविधि, २०८१' लाई पुस १६ गतेको मन्त्रिपरिषद्को बैठकले स्वीकृत गरेको हो ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्मा पश्चिम नेपाल भूकम्प तथा मनसुनजन्य विपद् पुनर्लाभ कार्ययोजनामा छलफल भएको र अर्को बैठकको निर्णयपछि पुनर्निर्माण तीव्र गतिमा थालिने छ । रासस

# 'पर्यटक बसपार्क' माग




**काठमाडौँ ।**
संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटक बस राख्नका लागि अलग्गै 'पर्यटक बसपार्क' आवश्यक रहेको बताएका छन् । यहाँस्थित अस्थायी बसपार्कको निरीक्षण गर्दै उनले सङ्घीय राजधानी काठमाडौँलगायत देशका विभिन्न स्थानमा पर्यटक बसपार्कको आवश्यकता छ भने ।

'नेपाल पर्यटकीय दृष्टिकोणले धनी देश हो, पर्यटकीय गन्तव्य सबै ठाउँमा पर्यटक बसपार्क आवश्यक छ, यसका निर्माणका लागि पहल गर्छु', उनले भने । टुरिष्ट बस एशोसिएसन अफ नेपालले काठमाडौँको गौशालास्थित पशुपति क्षेत्र विकास कोषमा बसपार्क निर्माणका लागि गरेको पहलबारे आफू छलफल गरेर अगाडि बढ्ने मन्त्री पाण्डेको भनाइ थियो ।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले पर्यटन प्रवद्र्धनका लागि मुलुकको सङ्घीय राजधानी काठमाडौँमा पर्यटक बसपार्कको आवश्यक रहेको बताएका थिए । उनले पर्यटक बसपार्क निर्माणका लागि बोर्डले सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरे ।

नेपाल एशोसिएसन टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा)का अध्यक्ष कुमारमणि थपलियाले टिवान र नाट्टाले पशुपति क्षेत्र विकास कोषसँग बसपार्क निर्माणका लागि प्रक्रिया अगाडि बढाइसकेको भन्दै उक्त कार्यमा सहयोग गर्न मन्त्रीलाई आग्रह गरेका थिए ।

टुरिष्ट बस एशोसिएसन अफ नेपालका अध्यक्ष भीष्म न्यौपानेले पर्यटकीय राजधानी पोखरा र चितवनको सौराहमा पर्यटकका लागि छुट्टै बसपार्क भए पनि सङ्घीय राजधानी काठमाडौँबाट भने सडकबाट पर्यटक बस गुडाउनुपर्ने बाध्यता रहेको भन्दै यसलाई अन्त्य गर्न पहल गरिदिन सरकारको ध्यानाकर्षण गरेका थिए ।

टिवानका संस्थापक अध्यक्ष श्रीकान्त आचार्य, सल्लाहकार केदार शर्मा, मदन आचार्यलगायतले मु◌ुलुकको राजधानीमा काठमाडौँबाट बसपार्कको अभावका कारण बिहान ७ बजे चितवन, पोखरा, लुम्बिनीलगायत क्षेत्रमा पर्यटक बस गुडाउनुपर्ने अवस्था आएको भन्दै बसपार्क निर्माण भए जुनसुकै समयमा पर्यटक बस सञ्चालन गर्न सकिने बताएका थिए ।

हाल मुलुकको राजधानी काठमाडौँबाट पोखरा र चितवनको सौराह, लुम्बिनी, जनकपुरका लागि मात्रै दैनिक झण्डै एक सयवटा पर्यटकीय बस आवतजावत गर्दै आएका छन्भने दैनिक तीन हजारदेखि चार हजार हाराहारीमा स्वदेशी तथा विदेशी पर्यटकले पर्यटक बसमा यात्रा गर्ने गरेका छन् ।

व्यवसायीले हाल बिहान ५ देखि ७ बजेसम्म सोह्रखुट्टेको सडकमा पर्यटकीय बस 'पार्किङ' गरेर यात्रु बोक्दै आएका छन्भने रातको समयमा विभिन्न 'ग्यारेज'मा शुल्क तिरेर पार्किङ गर्दै आएका छन् । रासस

# उद्धार र राहतमा जुट्न चीनिया राष्ट्रपतिको अपिल

**बेइजिङ ।**
चीनको दक्षिणपश्चिमी सिजाङ स्वायत्त क्षेत्रमा मङ्गलबार बिहान आएको ६.८ म्याग्निच्युडको भूकम्पपछि राष्ट्रपति सि जिनपिङले सबै प्रकारका उद्धारको प्रयास गर्न निर्देशन दिएका छन् ।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिका महासचिव तथा केन्द्रीय सैन्य आयोगका अध्यक्ष समेत रहेका सीले महत्वपूर्ण निर्देशन दिँदै घाइतेहरुको उद्धार र उपचारका लागि सक्दो प्रयास गर्न माग गरेका छन् ।

साथै, उनले प्रभावित बासिन्दाहरूलाई उचित रूपमा पुनस्र्थापना गर्न पनि आग्रह गरे ।

चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोको स्थायी समितिका सदस्य तथा प्रधानमन्त्री ली छ्याङले मङ्गलबार उद्धार कार्य सञ्चालन गर्न आह्वान गरेका छन् । उनले भूकम्प प्रभावित क्षेत्र चिसो पठार क्षेत्रमा पर्ने भएकाले प्रभावित जनताको आधारभूत जीविकोपार्जनको सुनिश्चितता र जाडोमा न्यानो रहनका लागि हरसम्भव उपाय अपनाउनुपर्ने बताए । चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिको राजनीतिक ब्यूरोका सदस्य उपप्रधानमन्त्री झाङ गुओ छिङले भूकम्प गएको ठाउँमा टोलीको नेतृत्व गरेका छन् । रासस

# नेपाली राजदूतावास अबुधाबीद्वारा घुम्ती शिविर सञ्चालन



**काठमाडौं ।**
संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावास अबुधाबीले राजदूतावास, गैरआवासीय नेपाली संघ, युएईलगायत अन्य संघ–संस्थाको सहयोगमा घुम्ती शिविर सञ्चालन गरेको छ ।

यही जनवरी ५ (पुस २१ गते) अबुधाबीबाट करिब तीन सय किलोमिटर टाढा रसअल खैमह्मा राहदानी घुम्ती शिविर सञ्चालन गरी सरकारले श्रम सुशासनका क्षेत्रमा अवलम्बन गरेका नीतिगत, कानूनी तथा प्रक्रियागत सुधारका 'दयगतमा जानकारी गराएको दूतावासले विज्ञप्तिमार्फत जनाएको छ ।

दूतावासले सामाजिक सुरक्षा कोषमा श्रमिकको आबद्धता, सोको प्रक्रिया, तथा औपचारिक माध्यमबाट विप्रेषण पठाउँदा प्राप्त हुने फाइदा, पुनः श्रम स्वीकृतिसम्बन्धी व्यवस्था, वित्तीय साक्षरतालगायत विविध विषयमा जानकारी दिएको हो ।

घुम्ती शिविरमा तीन सय ३५ जना नेपालीको राहदानी नवीकरण गर्नुका साथै त्यहाँ उपस्थित पाँच सय ५० नेपाली श्रमिकलाई नेपाल र युएईका विद्यमान श्रम कानूनका विषयमा जानकारी प्रदान गरिएको थियो ।

राहदानीको म्याद समाप्त भइसकेका, प्रवेशाज्ञाको म्याद समाप्त भइसकेका र राहदानी हराई समस्यामा परेका व्यक्तिको राजदूतावासले प्राथमिकताका साथ नवीकरण गर्ने गरिएको नेपाली राजदूतावास अबुधाबीद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । शिविरबाट नेपाली श्रमिकले विद्यामान कानूनी प्रक्रिया'दयगत जानकारीसहित राहदानी नवीकरणको सुविधा पाएका छन् । रासस

# एक सातामा दुई जलविद्युत् आयोजनामा जुट्यो लगानी

**काठमाडौँ ।**
विभिन्न जलविद्युत् आयोजनामा लगानी जुट्नेक्रम सुरु भएसँगै पछिल्लो एक सातामा दुई जलविद्युत् आयोजनामा बैंक तथा वित्तीय संस्थाले २६ अर्ब रुपैयाँ बराबरको ऋण लगानी गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन् ।

केहीदिन पहिले लालुपाते हाइड्रोपावर कम्पनीद्वारा प्रवद्र्धित ४९ दशमलव ९५ मेगावाट क्षमताको दानाखोला जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको थियो ।

दानाखोलामा विभिन्न बैंक तथा वित्तीय संस्थाले नौ अर्ब ९६ करोड रुपैयाँ लगानी गर्नेगरी सम्झौता भइसकेको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इपान)का उपाध्यक्षसमेत रहनुभएमा प्रवद्र्धक मोहनकुमार डाँगीले जानकारी दिए ।

यस आयोजनामा ७४ करोड रुपैयाँ बराबरको शेयर आयोजना प्रभावित स्थानीयवासीलाई जारी गरिनेछ भने एक अर्ब ७४ करोड रुपैयाँ बराबरको लगानी सञ्चालक एवं प्रवद्र्धकले गर्नेछन् ।

साथै लमजुङमा आयोजनास्थल रहेको एक सय दुई मेगावाट क्षमताको अप्पर मस्र्याङ्दी एक जलविद्युत् आयोजनामा पनि लगानी जुटेको छ । अप्पर मस्र्याङ्दी हाइड्रोपावर कम्पनी प्रवद्र्धक रहेको सो आयोजनामा विभिन्न बैंकले १६ अर्ब रुपैयाँ बराबरको लगानी गर्नेसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन् ।

प्रवद्र्धक कम्पनीले उपलब्ध गराएको विवरण अनुसार लक्ष्मी सनराइज बैंकले सात अर्ब रुपैयाँ, ग्लोबल आइएमइ बैंकले छ अर्ब रुपैयाँ र प्रभु बैंकले तीन अर्ब रुपैयाँ बराबरको लगानी गर्ने भएका हुन् । सो आयोजनाको कूल लागत २१ अर्ब ४० करोड रुपैयाँ बराबर रहनेछ । कूल लागतमध्ये ७४ दशमलव ७७ प्रतिशत बैंकले र २५ दशमलव २३ प्रतिशत प्रवद्र्धकले लगानी गर्नेछन् ।

आयोजनाको विद्युत् खरिद बिक्री सम्झौता, विद्युत् उत्पादन अनुमतिपत्रसमेत प्राप्त भइसकेको छ । आगामी चार वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको सो आयोजनाबाट वार्षिक पाँच सय ८३ दशमलव शून्य तीन गिगावाट घण्टा ऊर्जा उत्पादन गर्नेछ ।

इपानका अध्यक्ष गणेश कार्कीका अनुसार अन्य आयोजनामा पनि क्रमशः वित्तीय व्यवस्थापन हुनेक्रम अगाडि बढेको छ । उनले छोटो अवधिमा २० वटा जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको र केही प्रक्रियामा रहेको जानकारी दिए । रासस

# विद्यार्थीलाई पञ्चेबाजा बजाउने तालिम



**त्रिवेणी ।**
नवलपरासी (बर्दघाट सुस्तापूर्व) नवलपुरको देवचुली नगरपालिका–१६ स्थित देवचुली माध्यमिक विद्यालयले विद्यार्थीलाई पञ्चैबाजा बजाउने तालिम प्रदान गरेको छ । तालिम लिएपछि अहिले यहाँका विद्यार्थी फुर्सदमा बाजा बजाएर आम्दानी गर्न थालेका छन् । दुई महिनाअघि विद्यालयले कक्षा ६ देखि ९ सम्मका बाजा बजाउन इच्छुक ११ जना विद्यार्थीलाई तालिम प्रदान गरेको थियो । पञ्चेबाजा बजाउने तालिममा सहभागी १० वर्षीय विद्यार्थी होम थापाले बाजा बजाउन सिकेसँगै गाउँमा भएका तीन वटा कार्यक्रममा पञ्चेबाजा बजाएर आम्दानी गरेको बताए । ढोलक, सनही र नरसिंहा बाजा बजाउन सिकेका थापाले भविष्यमा संस्कृति संरक्षणसँगै व्यावसायिक रूपमा यसलाई निरन्तरता दिने उल्लेख गरे । शिक्षालाई सीपसँग जोड्ने योजनाअनुसार विद्यालयका विद्यार्थीलाई पञ्चेबाजा बजाउने तालिम प्रदान गरिएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष तोपराज कोइरालाले बताए । देवचुली नगरपालिकाको समन्वयमा विद्यार्थीलाई तालिम प्रदान गरिएको उनले जानकारी दिए । पञ्चेबाजा तालिमले शिक्षासँगै सीपलाई जोड्ने काम गर्नुका साथै सङ्कटमा रहेको पञ्चेबाजाको संरक्षण र प्रवद्र्धनमा सहयोग पुग्ने अध्यक्ष कोइरालाले विश्वास व्यक्त गरे । ‘तालिम लिएपछि विद्यार्थीहरूमा सांस्कृतिक र कलासम्बन्धी सीप विकास भएको छ, साथै नयाँ पुस्तालाई पुरानो संस्कृतिसँग जोड्ने प्रसाय भएको छ, यसले पञ्चेबाजा संरक्षण र कला, संस्कृतिमा प्रवद्र्धनमा सहयोग पुग्ने छ’, उनले भने । पहिलो चरणमा केही विद्यार्थीलाई मात्रै तालिम प्रदान गरिएको बताउँदै अध्यक्ष कोइरालाले क्रमशः अन्य विद्यार्थीको आवश्यकता र इच्छाअनुसार तालिम प्रदान गरिने जानकारी दिए ।

विद्यार्थीहरू अहिले समूह बनाएर बाजा सिक्ने र अध्ययनसँगै वरपरका कार्यक्रममा बाजा बजाउन जाने गरेका छन् । ‘नियमित रूपमा आफ्नो अध्ययनको काम भइरहेको छ, यसबाहेक फुर्सदमा नेपालको मौलिकता बोकेको पुरानो बाजालाई अगाडि बढाउनुपर्छ भन्ने लागेर बाजा बजाउने तालिम लिएका हौँ’, विद्यार्थी सम्राट नेपालीले भने, ‘साथीहरू भएर कार्यक्रममा बाजा बजाउन जाँदा रमाइलो हुनुका साथै आम्दानी पनि भइरहेको छ ।’ विद्यार्थीहरूले अहिले पनि बाजा बजाउन सिक्ने कामलाई निरन्तरता दिइरहेका छन् । विद्यालयको प्रशिक्षकका रूपमा खटिनुभएका भीमबहादुर परियारका अनुसार विद्यार्थीले राम्रोसँग पञ्चेबाजा बजाउने गरेका छन् । साना विद्यार्थीलाई आफूले जानेको सीप सिकाउन पाउँदा खुसी लागेको उनले बताए ।

विद्यार्थीले बाजा बजाउन सिकेसँगै बाजा, कला, संस्कृतिको संरक्षण, प्रवद्र्धन हुनुका साथै पुस्तान्तरण समेत भइरहेको प्रशिक्षक परियारले उल्लेख गरे । साना बालबालिकाले पञ्चेबाजा बजाएको देख्दा विद्यालयका अभिभावक उत्साहित भएका उनको भनाइ छ । ‘सबैले यो फरक कार्य भयो, सानो उमेरमा राम्रो बाजा बजाए भनेर उत्साहित हुँदै प्रशंसा गर्नुभएको छ’, परियारले भने । रासस


# हराउँदै गयो गुन्द्री बुन्ने चलन



**स्याङ्जा ।**
पछिल्लो समय यहाँ गुन्द्री बुन्ने चलन हराउँदै गएको छ । खेतमा धान काटेर दाइँ हाल्ने बेला लामो–लामो परालका छाँटेर राख्ने र फुर्सदका बेला गुन्द्री बुन्ने परम्परा रही आएको छ । खेतबारीमा भएका बालीनाली भित्र्याइसकेपछि विशेषगरी पुस–माघका दिनमा फुर्सदिलो समयमा हाते तानको माध्यमबाट गुन्द्री बुन्ने परम्परा हराउँदै गएको हो । धार्मिक पूजाआजा तथा पितृकार्यमा पनि धानको परालबाट बुनिएका नयाँ गुन्द्री प्रयोग गर्ने चलन थियो । बजारमा आउने प्लास्टिकका गुन्द्री तथा म्याटका प्रयोग बढ्दै जाँदा गुन्द्री बुन्ने छाडिएको वालिङ–८ की सीता सुवेदीले बताए । ‘बजारमा प्लास्टिकका गुन्द्री र म्याट पाइन्छ, तिनकै प्रयोग गर्न थालियो’, उनले भनिन्, ‘गुन्द्री बुन्न अब हामीले सकिँदैन नयाँ पुस्ताले गुन्द्री बुन्न दुःख मान्छन् ।’ अझ पछिल्लो समय खेती गर्नै छाडेकाले परालको अभाव हुने र खेती गरिहालेमा पनि हाइब्रिड जातको खेती गर्दा पराल छोटो हुने गरेको उनले बताइन् ।

सहरोन्मुख क्षेत्रमा प्लास्टिकबाट बनेका गुन्द्री र म्याटको प्रयोग बढ्दै गएकाले गुन्द्री बुन्न छाडिएको उनले बताइन् । ग्रामीण भेगमा अझै पनि छिटपुट रूपमा गुन्द्री बुन्ने गरे पनि विस्तारै बजारको प्रभाव ग्रामीण क्षेत्रमा पर्दै गएकाले गुन्द्री बुन्ने पराम्परा हराउँदै गएको वालिङ–८ की रन्नता बगालेले बताइन् । गुन्द्री बुन्न झन्झटिलो भएकाले पनि नयाँ पुस्ता आकर्षित नभएको हुनसक्ने उनी बताउँछिन् । नयाँ पुस्ताको आकर्षण नहुनु एकातिर छभने अर्कातिर पुरानो पुस्ताले जानेको सीप नयाँ पुस्तामा हस्तान्तरण नगर्दा गुन्द्री बुन्ने संस्कृति लोप भएर जानसक्छ । परालको लम्बाइअनुसार गुन्द्रीको चौडाइ निर्धारण गरी गुन्द्री बुन्ने गरिन्छ । छोटो परालबाट थर्कटी तथा चकटी बुन्न सकिन्छ । स्थानीय स्रोत र साधनको प्रयोग गरी गुन्द्री बुन्ने गरिन्छ । विशेषगरी धानको पराल, जुटको धागो, बाबियोको खर प्रयोग गरी गुन्द्री बुन्न सकिन्छ । हाते तान बनाएर जुट वा बाबियोको खरको डोरीमा बुनिएको पराललाई काठको हतासोले ठोकेर गुन्द्री बनाउने गरेको पाइन्छ । रासस

# उनन्तीस वर्षदेखि ओडारमा व्यापार



**रामेछाप ।**
दोलखाको तामाकोसी गाउँपालिका–५ का छत्रबहादुर कार्कीले २९ वर्षदेखि सोही वडास्थित भोर्ले भिरको ओडारमा व्यापार गर्दै आएका छन् । विसं २०५२ मा देवीटारमा निर्माणाधीन खिम्ती जलविद्युत् आयोजनका लागि तामाकोसी हुँदै देवीटारसम्म कच्ची मोटरबाटोको सुविधा पुगेपछि रामेछाप र सिन्धुलीका मानिस मन्थलीबाट खिम्ती हुँदै यही बाटो भएर काठमाडौँ ओहोरदोहोर गर्न थालेपछि उनले ‘चिया चमेना’को व्यापार शुरु गरेका हुन् । तत्कालीन समयमा कार्कीले ओडारबाट शुरु गरेका व्यापार अहिले जस्ताको छानो हालेर परिमार्जन गरेका छन् । ६४ वर्षीय कार्कीले पाँच छोरी र दुई छोरासहित नौ जनाको परिवारको पालपोषण यही ओडारको पसलबाट भएको आम्दानीबाट गरिरहेको बताए ।

जीविकोपार्जनमा समस्या भएपछि भारतको सिलगुढीमा १८ वर्षसम्म ज्याला मजदूरी गरेर केही रकम लिई उनी स्वदेश फर्केका हुन् । सोही बेलादेखि शुरु गरेको ओडारको पसलले अहिले उनीहरूको सहज रूपमा जीविकोपार्जन भइरहेको छ । ओडारको पसलमा किराना सामान, चिया, खाजा र अनुरोध भएमा खानासमेत खुवाउने व्यवस्था भएको कार्कीले बताए । ‘त्यसबेला यहाँ लगाएको वरपीपल अहिले सित्तल बस्ने चौतारो बनेको छ भने बाँसका झाङ फैलिँदै गइरहेका छन्, केरा, अम्बा आटीलगायत फलफूलहरू पनि पाक्ने बेला भए पनि बाँदरले दुःख दिने गरेको छ’, उनले भने । चार÷पाँच आना जग्गामा गरेको उब्जनीले तीन महिना पनि खान नपुग्ने भएपछि विकल्पको खोजीमा यहाँ आइपुगेको कार्कीले बताए । यही व्यापारबाट तामाकोसी–५ मा छ आना जग्गा किनेर भूकम्प प्रतिरोधी दुईकोठे कच्ची घर बनाएको उनले उल्लेख गरे । सबै छोराछोरीको विवाह गरिसकेका कार्की आफ्नी ६२ वर्षीया श्रीमती डम्बरकुमारीको साहारमा पसल चलाउने र घरायसी काम गर्ने गर्छन् । ‘पाँच छोरीको विवाह गरेर आआफ्नो घर पठाइसके, दुई छोरामध्ये जेठोको पनि विवाह भइसक्यो, कान्छो काठमाडौँमा छ’, कार्कीले भने । पसलबाट सुरुआती चरणमा दैनिक दुई हजार पाँच सयदेखि १० हजार रुपैयाँसम्म व्यापार हुने गरको बताउँदै कार्कीले ग्राहकले आधुनिक बसाइ, खाना खोज्नाले अहिले दैनिक पाँच–छ सय रुपैयाँको मात्र बिक्री हुने उल्लेख गरे । गत असोजमा १२ गते आएको बाढीका कारण रोशी खोलाले बिपी राजमार्ग अवरुद्ध पारेपछि काठमाडौँबाट रामेछाप, दोलखा, सोलु र सिन्धुलीका विभिन्न भागमा काठमाडौँबाट आउनेजाने सवारीसाधन पुष्पलाल मार्गबाट सञ्चालन हुँदा आफ्नो व्यापार बढेको कार्कीले बताए । बिपी राजमार्ग सञ्चालनमा आई खुर्कोटको पुलसमेत बनेपछि पुनःव्यापार घटेको उनले सुनाए । विसं २०७२ को भूकम्पले समेत ओडारमुनिको ओडारका पसलमा कुनै क्षति नपुगेको उनले बताए । ‘पटकपटक वडा र पालिकाले भूकम्पको जोखिम भएकाले यहाँ नबस्न अनुरोध गरिरहेका छन् । लामो समयदेखि यही बसेर व्यापार गरेको र केही संरचना पुनःनिर्माण गरिसकेका यहाँबाट अन्यत्र जान सबेको छैन’, उनले भने ।

ओडारमा अहिले पनि बिजुली बत्ती नजोडिएको भन्दै कार्कीले पटकपटक प्रयास गरे पनि ऐलानी जग्गामा अस्थायी बासोबास भएकाले विद्युत् प्राधिकरणले खम्बा र मिटर नदिएको गुनासो गरे । सोही कारणले साँझ अबेरसम्म बस्न नसकिने र व्यापार पनि कम हुने उनको बुझाइ छ । ‘मैले रोपेको बाँसमध्ये सात झाँङ फस्टाएर अएकाले बिक्री गर्नेबेला भएको छ । वर, पीपल ठूला भएर सित्तल बस्ने चौतारो बनिसकेको छ । केरा आँटी, अम्बालगायत फलफूलहरू फल्न लागिसकेका छन् । यो ठाउँ छाडेर काहीँ जान मन लाग्दैन’, कार्कीले भने । स्थानीय सरकारले विद्युत्को व्यवस्था गरिदिए व्यापार गर्न सहज हुने उनको भनाइ छ । प्रायजसो निजी सवारीसाधनमा यो सडक मार्ग भएर ओहोरदोहोर गर्ने मानिस यहाँको पसलमा चिया, खाजा खाएर कार्कीसँग कुराकानी गरेर मात्र गन्तव्यतर्फ लाग्ने गर्दछन् । रासस

# जलपन्छीको प्रजाति र संख्यामा कमी



**नवलपरासी ।**
यस वर्ष चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने नारायणी र राप्ती नदी आसपासका सिमसार क्षेत्रमा जलपन्छीको प्रजाति र संख्यामा कमी आएको छ । सोमबारदेखि शुरु भएको जलपन्छी गणना अन्तर्गत चरा गणनामा संलग्न निकुञ्जका मध्यक्षेत्र संयोजक एवं चराविज्ञ मनेष लिम्बूले विगतमाझैँ चराको प्रजाति र संख्या नभेटिएको बताए । ‘अघिल्लो वर्ष जलपन्छी गणनामा ४७ प्रजातिका चरा भेटिएका थिए’, उनले भने, ‘यस वर्ष २८ प्रजातिको मात्र चरा भेटिए ।’ साना चराको संख्यासमेत थोरै भेटिएको उनको भनाइ छ । विगतमा गणना गरिएको जुरे हुटिट्याउँ, चित्र दङ्गालगायत जलपन्छी यसपटक नभेटिएको उनले जानकारी दिए । ‘चखेवा र खोया हाँसको संख्या भने विगतमाझैँ भेटिएको छ’, उनले भने । नदीमा बढेको प्रदूषणका कारण यस क्षेत्रमा जलपन्छी न्यून आएको हुनसक्ने उनले बताए । गणनाको केही दिन अगाडि निकुञ्ज क्षेत्रमा पहिलोपटक ‘कालो टाउके लेक चरी’ भेटिएको थियो । ‘यसअघि यो चरा हामीले निकुञ्ज क्षेत्रमा कहिल्यै भेटेका थिएनौँ’, लिम्बूले भने, ‘दुई हप्ता अगाडि भेटिएको यो चरा चितवनका लागि नयाँ प्रजाति हो ।’

हाल उत्तरी ध्रुव, रुस, चीन, मङ्गोलियालगायत अत्यधिक चिसो क्षेत्रबाट जाडो छल्न र खानेकुराको खोजीमा विभिन्न ताल, तलैया, नदी र जङ्गलमा चरा आउने उनले बताए । निकुञ्जको पश्चिमी क्षेत्र र नवलपुरका तालतलैयामा भने पुस २७ गतेमात्र जलपन्छी गणना गर्ने तयारी गरिएको संयोजक डिबी चौधरीले बताए । विभिन्न सङ्घसंस्थासँगको सहकार्यमा देशभरका ताल, तलैया, नदी र सिमसारमा पाइने जलपन्छीको संख्या, प्रजाति र बासस्थानको अवस्थाबारे जानकारी लिन यस वर्षको गणना यही पुस २० गतेबाट माघ ६ गतेसम्म सञ्चालन हुने चौधरीले बताए । ‘चरा गणना स्वयंसेवी रूपमा गरिने भएकाले सबैलाई पायक पर्ने समय मिलाएर आगामी शनिबार र आइतबार गणना गर्ने तयारी गरेका छौँ’, उनले भने, ‘जलपन्छी गणनामा सहभागी हुने गणक होटल व्यवसायी, नेचरगाइड हुने भएकाले अन्य ठाउँमा भन्दा केही दिन पछाडि गणना गर्न लागिएको हो ।’ यस क्षेत्रमा पाँच समूह बनाएर दुई दिनसम्म चरा गणना गर्ने योजना बनाइएको छ । जलपन्छी गणनाका क्रममा पानीमा आश्रित तथा पानी वरिपर बस्ने परम्परागत र बसाइँसराइ गर्ने चराहरूको तथ्याङ्क सङ्कलन गरिने जनाइएको छ । चराको प्रारम्भिक तथ्याङ्क गणना सकिएलगत्तै गरिने भए पनि विस्तृत प्रतिवेदन आगामी वैशाख १ देखि ७ गतेसम्म मनाइने वन्यजन्तु सप्ताहका अवसरमा सार्वजनिक गरिने संयोजक चौधरीले बताए । रासस

# ‘बिहानै त्रसित बनाएको भूकम्पको धक्का’

**काठमाडौँ ।**
संखुवासभाका शिव चापागाईं बिहानै भैँसीलाई खोले दिएर दूध दुहुने तरखरमा थिए । एक्कासि बाल्टी हल्लियो । हातखुट्टा लगगल कामे । ‘के भयो भनेर आत्तिएर भैँसीको थलाबाट निस्कदा गाउँतिर भूकम्प आयो भनेर गाउँभर कोलाहल मच्चिसकेको रहेछ,’ उनले रासससँग भने ।

संखुवासभा सभापोखरी गाउँपालिका–१ धुँपुका चापागाईं जस्तै धेरैलाई बिहानै भूकम्पको धक्काले त्रसित बनायो । संखुुवासभा सभापोखरी गाउँपालिका–१ धुँपुका चापागाईं जस्तै धेरैलाई बिहानै भूकम्पको धक्काले त्रसित बनायो । भोजपुर षडानन्द नगरपालिका–१४ का कुमार अधिकारी बिहान सबेरै उठेर घरको काममा व्यस्त थिए । भूईँ हल्लियो । घरका दलिन मच्चिए । बाहिर निस्कदा भूकम्प गयो भनेर होहल्ला भइरहेको रहेछ । ‘घरभित्रै थिए । एक्कासि शरीर नै हल्लिएजस्तो भयो । घरको दलिन हल्लिएको देखेर के भयो भन्दै आत्तिदै बाहिर निस्के भूकम्पको हल्ला भइसकेको रहेछ,’ उनले भने ।

भूकम्पको धक्काले काठमाडौँ उपत्यकाका नागरिकमा पनि ठूलो त्रास पैदा गरायो । भक्तपुरको मध्यपुर ठिमी–३ स्थित लोकन्थली निवासी रेनुका कार्की पनि बिहानको नियमित काममा व्यस्त थिइन् । एक्कासि भूकम्पको झड्का महसुस भएपछि आत्तिएर बाहिर निस्किइन् । त्यतिञ्जेल घर बाहिरको खाली जग्गामा मानिसको जमघट भइसकेको थियो । लोकन्थलीकै कृष्ण श्रेष्ठ पनि हत्तारहत्तार परिवार लिएर बाहिर निस्किएको स्मरण गर्छन् ।

बूढानीलकण्ठ नगरपालिका–७ निवासी मन्दिरा चापागाईं खड्का पनि एक्कासि बत्तीको झुमर हल्लिएपछि आत्तिएर बाहिर निस्कनुपरेको बताइन् । ‘विसं २०७२ को भूकम्पपछि यति धेरै हल्लाएको आजै हो । धन्न केही भएन, हामी त ठूलो क्षति हुन्छ कि भनेर आत्तिएका थियौँ,’ उनले भनिन् ।

नेपालको उत्तरपूर्वी सीमा नजिक चीनको स्वशासित क्षेत्र तिब्बत प्रान्तको दिंगी काउन्टीमा केन्द्रविन्दु भएर सात रिक्टर स्केलको भूम्प गएको राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रले जनाएको छ ।

बिहान ६ बजेर ५० मिनेटमा यस स्थानमा भूकम्प गएपछि सङ्घीय राजधानी काठमाडौँसम्मै धक्का महसुस भएको थियो । भूकम्पको धक्का महसुस हुनासाथ मानिसहरू आत्तिदै घर बाहिर निस्किएका देखिन्थे । काठमाडौँसहित नेपालका पूर्वी पहाडी जिल्लामा भूकम्पको ठूलो धक्का महसुस भएको केन्द्रले जनाएको छ ।

केन्द्रका उपमहानिर्देशक एवम् प्रवक्ता मोनिका झाले देशका पूर्वी जिल्लाहरुमा र मध्य नेपालका काठमाडौँलगायत सहरमा भूकम्पको धक्का बढी महसुस भएको बताइन् । यसको परकम्प अझै आउनसक्ने भएकाले नआत्तित उनले सबैलाई अनुरोध गरे । ‘सात रिक्टरको भूकम्प गएकाले यसको परकम्प आइरहन्छ, यसबाट आत्तिनुपर्ने अवस्था छैन । परकम्प बढीमा ४, ५ र ६ रिक्टरसम्मको जानसक्ने भएकाले त्यसले खासै असर गर्दैन,’ प्रवक्ता झाले भने ।

भूकम्पबाट हालसम्म नेपालमा कुनै मानवीय तथा भौतिक क्षति नभएको केन्द्रले जनाएको छ । पूर्वी पहाडी जिल्लाका केही घरहरू (पुराना घर) मा सामान्य क्षति पुगेको भए पनि कुनै मानवीय क्षति नभएको प्रवक्ता झाले बताए । उनका अनुसार चीनको दिंगी काउन्टी आसपासमा एक सयभन्दा बढी परकम्प गइसकेका छन् । चार रिक्टरभन्दा माथिका १२ वटा परकम्प गएका छन् । दिंगी काउन्टी नेपालको संखुवासभा र ताप्लेजुङ तथा भारतको सिक्किम राज्यसँग सीमा जोडिएको छ । राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रका भूकम्पको केन्द्रविन्दु भएको स्थानको औसत दूरी नेपालबाट ९० किलोमिटर रहेको छ ।

नेपालको कोशी, मधेश, बागमती प्रदेशका जिल्लामा भूकम्पको धक्का महसुस भएको छ । यसबाहेक कर्णाली, सुदूरपश्चिम, लुम्बिनी र गण्डकी प्रदेशमा भने धक्का महसुस नभएको जनाइएको छ । कोशी प्रदेशका संखुवासभा, भोजपुर तेह्रथुम, ताप्लेजुङ, धनकुटा, खोटाङ, ओखलढु¬ङ्गा, सोलुखुम्बे र पाँचथरमा भूकम्पको कडा धक्का महसुस भएको राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ । इलाम, झापा, मोरङ र सुनसरीमा भने सामान्य धक्का महसुस भएको छ । हालसम्म कुनै मानवीय क्षति नभएको जनाइएको छ ।

मधेश प्रदेशका जिल्लामा सामान्य धक्का महसुस भएको छ । बागमती प्रदेशका काठमाडौँ उपत्यका र उत्तर तर्फका तिब्बतसँग सीमाना जोडिएका जिल्लामा कडा धक्का–कम्पन महसुस गरिएको तर कुनै मानवीय तथा भौतिक क्षति नभएको केन्द्रले जनाएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका वरिष्ठ भूकम्पविद् लोकविजय अधिकारीले केन्द्रले छदेखि आठ रिक्टर भूकम्पलाई शक्तिशाली भूकम्प भन्ने गरेको छ । नेपालमा विसं २०७२ वैशाख १२ गते ७ दशमलव ६ रिक्टर स्केलको गोरखा भूकम्प गएको थियो । रासस



हुस्सु र शीतलहरः महोत्तरीको बर्दिबास–३ गौरीडाँडामा बिपी राजमार्ग आसपास मङ्गलबार लागेको हुस्सु तथा शीतलहर । शनिबारदेखि पारिलो घाम लाग्दै आए पनि मंगलबार मध्याह्नपूर्वदेखि फेरि हुस्सुले ढाकेको हो । यसअघि हुस्सुको प्रभाव कम देखिने जिल्लाको सुदुर उत्तरी क्षेत्रमा पनि बाक्लो हुस्सु लागेको छ । तस्बिरः गोपाल बराल/रासस



चिसोमा उपायः अत्यधिक चिसो बढेपछि सर्लाहीको सदरमुकाम मलङ्गवा–१० का स्थानीय चिसोबाट बच्न टायर बालेर आगो ताप्दै । टायर बालेर आगो ताप्नु स्वास्थ्यका लागि हानिकारक रहेको स्वास्थ्यकर्मीको भनाइ छ । तस्बिरः विश्वनाथ ठाकुर

# भुकम्पको असरः बारामा ११ सहित देशभर १३ जना घाइते



**मधेशदृष्टि**
**वीरगंज ।**
मंगलबार बिहान नेपाल–चीन सीमामा पर्ने तिब्बत केन्द्रबिन्दु बनाएर गएको भूकम्पमा परि नेपालमा १३ जना घाइते भएका छन् । नेपाल प्रहरीका अनुसार बारामा ११, काठमाडौंमा १ र काभ्रेमा १ जना घाइते भएका हुन् । भूकम्पले बारा, ओखलढुंगा, सोलुखुम्बु, संखुवासभा, ताप्लेजुङ, काभ्रे, काठमाडौँ, सिन्धुपाल्चोक र रामेछापमा क्षति गरेको छ । भुकम्पको धक्का महसुस हुदाँ बाराको कलैयास्थित श्री ३ चन्द्रमाविका ११ जना विद्यार्थीहरु बहोश भएका थिए । उनीहरुको कलैयास्थित प्रादेशिक अस्पतालमा उपचार गरि घर पठाइएको थियो । भूकम्पले विभिन्न जिल्लामा ९ वटा भौतिक संरचनामा क्षति पुगेको छ । राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार मंगलबार बिहान ६ः५० बजे चीनको तिब्बतको दिंगे काउन्टी केन्द्रबिन्दु बनाएर ६.८ म्याग्निच्युडको भूकम्प गएको थियो । उक्त भूकम्पमा परि चीनमा भने मृत्यु हुनेको संख्या ९५ पुगेको छ । त्यस्तै १३० जना भन्दा बढी घाइते भएको चिनियाँ समाचार संस्था सिन्ह्वाले जनाएको छ ।

# रौतहटमा हात्तीको आतङ्क, साहद्वारा सरकारलाई ध्यानाकर्षण




**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको भैसही र गुजरा क्षेत्रका बासिन्दाहरू जंगली हात्तीको लगातारको आतङ्कले भयभित भएका छन् । झण्डै १५ दिनदेखि जंगली हात्तीले गाउँबस्तीमा पसेर घर तोडफोड गर्नुका साथै खेतबारीमा लगाइएको बालीनालीमा गम्भीर क्षति पु¥याएको छ । यस कारण बासिन्दाहरू दिनरात त्रासमा बाँच्न बाध्य भएका छन् । यस घटनाप्रति चिन्ता व्यक्त गर्दै पूर्वमन्त्री एवं आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले नेपाल सरकार र सम्बन्धित निकायको लापरबाहीप्रति आक्रोश व्यक्त गरेका छन् । उनले जंगली हात्तीको आतङ्कले जनताको जनजीवनमा पारेको असरप्रति सरकारको बेवास्ता दुःखद रहेको भन्दै तत्काल नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न माग गरेका छन् । 'जंगली हात्तीको कारण स्थानीय जनताको दैनिकी अस्तव्यस्त बनेको छ । घरबार, बालीनाली र जनताको सुरक्षामा परेको असरप्रति सरकार गम्भीर देखिएको छैन, जुन अत्यन्तै खेदजनक हो', साहले भने । साथै, उनले प्रभावित जनतालाई राहतको व्यवस्था गर्न र दीर्घकालीन समाधान खोज्न सरकारलाई विशेष ध्यानाकर्षण गराएका छन् । यस घटनाबाट पीडित स्थानीय बासिन्दाहरूले पनि राज्यको उपेक्षाप्रति गुनासो गर्दै शिघ्र सुरक्षा र राहतको माग गरेका छन् । जंगली हात्तीको आतङ्कले क्षेत्रका कृषकहरूको बालीनाली पूर्ण रूपमा नष्ट भएको छ भने जनजीवन पूर्ण रूपमा अस्तव्यस्त बनेको छ ।

# ६५० वर्ष पुरानो अवशेष फेला

**सञ्जय मिश्रा**
**रौतहट ।**
गौरस्थित वाणेश्वर महादेव मन्दिरमा ६ सय ५० वर्ष पुरानो अवशेष फेला परेको छ । मन्दिर छेउमा उत्खनन् गर्दा ६ सय ५० वर्ष पुरानो इँटालगायतका अवशेष फेला परेको हो । गौर नगरपालिका–२ स्थित वाणेश्वर महादेव मन्दिर छेउ पुरातात्विक विभागको टोलीले गरिरहेको उत्खनन् क्रममा सोमबार ऐतिहासिक भग्नावशेष फेला परेको हो ।
गौर नगरपालिकाका मेयर शम्भु साहको पहलमा पुरातत्व विभागको टोलीले पछिल्लो ११ दिनदेखि गरिरहेको उत्खनन् क्रममा ६ सय ५० वर्षअघिको इँटालगायत भग्नावेश भेटिएको छ । मन्दिरको पछाडि र अगाडि ४ फिट गहिरो उत्खनन् गर्दा सिम्रौनगढका तत्कालीन राजा हरिसिंह देवको समयका इँटा बरामद भएको छ ।
उत्खनन्मा माटोको गाग्री, घोडाको मुकुट, खेलौनालगायतका सामग्री बरामद भएको छ ।
पुरातात्वविद देवेन्द्र तिवारीले उत्खनन्मा धेरै महत्वपूर्ण उपलब्धी प्राप्त भएको बताए । मन्दिर छेउमा चारफिट गहिरो उत्खनन् गर्दा मन्दिरको गाह्रो फेला परेको छ । गाह्रोमा प्रयोग भएको इँटा २८ सेन्टिमिटर लम्बाई, ३० सेन्टिटिर चौडाई र ६ सेन्टिमिटर बाक्लो छ । कुनै इँटामा औँलाको छाप देखिएको छ । जुन सिम्रौनगढको आसपास



उत्खनन्मा पाइएको झण्डै ६ सय ५० वर्ष पुरानो इँटासँग मेल खाने पुरातत्वविद तिवारीले स्पष्ट पारेका छन् । वाणेश्वर मन्दिर पछाडि विश्वकर्मा मन्दिरको दक्षिणतर्फ उत्खनन् गर्दा पाँच दिनसम्म केही भेटिएको थिएन, पछि महत्वपूर्ण अवशेष भेटाउन थालिएको छ । उत्खनन्मा माटोका पुत्लाहरु प्रशस्त पाइएकाले तत्कालीन समयमा समृद बस्ती भएको अनुमान गरिन्छ ।
मेयर साहले वाणेश्वर मन्दिर, शिवालय मन्दिर र सोवर्णामाई मन्दिर ऐतिहासिक भएकाले उत्खनन्मा महत्वपूर्ण पुरानो भग्नावेश प्राप्त हुने विश्वास वयक्त गरेका छन् । उनले ६ सय ५० वर्ष पुरानो ऐतिहासिक महत्वका भग्नावशेष फेला परेकाले यहाँ धार्मिक पर्यटनको सम्भावना हुने मेयर साहले बताए ।
१३३५ इश्वीसम्म चलेको सिम्रौनगढका राजा हरिसिंह देवको शासनकालमा मन्दिरको निर्माण भएको हुनसक्ने अनुमान गरिएको छ । केही वर्षअघिसम्म मन्दिर वरपरको खेत जोत्दा वा खेतमा कोदालो चलाउदा खपडाका टुक्रा फेला पर्ने गरेको थियो । मन्दिर छेउमै ऐतिहासिक इनार छ । इनार पनि मन्दिरसँगै निर्माण गरिएको र सोही इनारको पानीले मन्दिरभित्रको शिवलिङ्गमा जलाभिषेक हुने गरेको स्थानीयले बताए ।
१९९० सालमा आएको महाविनाशकारी भूकम्पको प्रभावले गौरलगायत आसपासका इनारबाट बालुवा र कोइला निस्केको थियो । तर मन्दिर छेउको इनारमाथि भूकम्पको कुनै प्रभाव परेको थिएन । भूकम्पपछि पनि इनारको पानी पिउन लायक नै रहेको गौरका बुढापाका बताउँछन् ।

# लोथरसम्म पेट्रोलियम पाइप लाइन बढाइने

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको अमलेखगञ्जबाट चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम चाँडै अगाडि बढाइने किएपछि चितवनका भएको छ । मोतीहारी–अमलेखगञ्ज पाइप लाइनको काम लोथरसम्म पाइप लाइन विस्तार गर्ने लक्ष्यसहित काम अघि बढाउन लागिएको हो । अमलेखगञ्जबाट चितवनको लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट फिल्ड अध्ययनको काम सकिएर डीपीआर निर्माण भइरहेको नेपाल आयल निगमका प्रवक्ता इञ्जिनियर मनोज ठाकुरले जानकारी दिए । पाइप लाइन विस्तार गरी लोथरमा एक लाख लिटर पेट्रोलियम पदार्थ



भण्डारण गर्नेगरी काम अघि बढ्ने उनले बताए । यसैगरी मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको काम सकिएसँगै पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात गर्न परीक्षण शुरु गरेको छ । मोतिहारी–अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन विस्तारको काम सकिएको र तत्काल परीक्षणका लागि पाइप लाइनबाटै पेट्रोल र मट्टितेल ल्याइएको नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले जानकारी दिए ।

# आलु गोदामबाट ७५ बोरा भारतीय चामल बरामद

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा प्रहरीले वीरगंज महानगरपालिका वडा नम्बर ६ मीनाबजारस्थित आलुको गोदाममा अवैध रुपमा भण्डारण गरि राखिएको ७५ बोरा भारतीय चामल बरामद गरेको छ । विशेष सूचनाको आधारमा मंगलबार बिहान वडा प्रहरी कार्यालय बिर्ताबाट प्रहरी निरीक्षक निरोज चौलागाईको नेतृत्वमा खटिएको टोलीले आलु गोदाममा छापा मारेर ७५ बोरा चामल बरामद गरेको हो



। मिना बजारस्थित आलु गोदाममा अवैध रुपमा भण्डारण गरिएको अवस्थामा विभिन्न ब्राण्डका ७५ बोरा भारतीय चामल बरामद गरिएको प्रहरी निरीक्षक चौलागाईले जानकारी दिए । बरामद चामलको बजार मूल्य २ लाख रुपैयाँ भन्दा बढी रहेको उनले बताए । बरामद चामल वीरगंज भन्सार कार्यालयमा बुझाइएको उनले जानकारी दिए । यसका साथै वीरगंजका विभिन्न स्थानमा भारतबाट तस्करी गरि ल्याइएका कपडा, स्पेयर पाट्र्स, ड्राइफुड्स, जुत्ता गरी २५ लाख मूल्यको अरु सामानपनि बरामद गरि मंगलबार वीरगंज भन्सार कार्यालयमा बुझाइएको प्रहरी निरीक्षक चौलागाईले जानकारी दिए ।

# पैसा डबल बनाइदिने भन्दै सर्वसाधारणलाई ठग्ने एक जना पक्राउ




**मधेशदृष्टि**
**सप्तरी ।**
पैसा डबल बनाइदिने भन्दै सर्वसाधारणसँग रकम लिएर लाखौं ठगी गर्ने एक गिरोहका नाइकेलाई प्रहरीले पक्राउ गरेको छ । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका–७ वभनगामा कट्टीका ४८ वर्षीय रामबहादुर रजकलाई प्रहरीले ठगी तथा अपराधिक विश्वासघातको कसुरमा पक्राउ गरेको हो । उनीमाथि थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक जितेन्द्र बस्नेत जानकारी दिए । प्रहरीका अनुसार रजकमाथि हालसम्म ४ जनाले उजुरी दिएको र ५० लाख ७५ हजार रुपैयाँ ठगी गरेको आरोप छ । रजकका गिरोहले अरु व्यक्तिसँग पनि रकम डबल गरिदिने नाममा ठगी गरेको सूचना आएको नायब प्रहरी उपरीक्षक बस्नेतको भनाइ छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन